# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ०५ | काठमाडौं | सोमबार, १५ वैशाख २०८२ | Prabhab National Daily | Monday, April 28, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## शिक्षक आन्दोलन झडपतिर

- आइतबार निषेधित क्षेत्र तोड्ने क्रममा प्रहरीसँग झडप
- शिक्षक, सुरक्षाकर्मी, पत्रकारलगायत ६० जनाभन्दा बढी घाइते



तस्बिर: सामाजिक सञ्जाल

छिटोभन्दा छिटो समस्या समाधानको वातावरण बनाउन नसकेर लाचार बनेको सरकार र विद्यार्थीप्रति कर्तव्यविमुख देखिएका शिक्षकको यो टकराव थप लम्ब्याउनु उचित हुँदैन ।

**● विद्यानाथ कोइराला**
शिक्षाविद्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सामुदायिक विद्यालयका शिक्षकहरूले काठमाडौंमा गर्दै आएको आन्दोलन झडपतिर उन्मुख भएको छ । २५ दिनसम्म शान्तिपूर्ण आन्दोलनमा रहेका शिक्षकहरू आइतबार निषेधित क्षेत्र तोड्न अघि बढे । उनीहरूलाई रोक्न प्रहरीले लाठीचार्ज र पानीको फोहोरा प्रहार गऱ्यो ।

नेपाल शिक्षक महासंघकी सहअध्यक्ष नानुमाया पराजुलीका अनुसार ६२ शिक्षक घाइते भए । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । पत्रकार सविना कार्की पनि घाइते भइन् । केही सुरक्षाकर्मी पनि घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराले बताए ।

शिक्षकहरूको मुख्य माग शिक्षा ऐन हो । विगतमा सरकार र शिक्षक महासंघबीच भएको समझदारी कार्यान्वयन हुनुपर्ने उनीहरूको अर्को माग छ । यिनै माग राखेर शिक्षकहरू लगातार आन्दोलित छन् ।

यहीबीच आइतबार भने शिक्षक-प्रहरीको झडप भयो । यसले आन्दोलन थप गम्भीर मोडमा पुगेको संकेत गर्छ । भाषणसँगै नाचगान र जादू देखाएर प्रदर्शन गरिरहेका शिक्षकहरू एकाएक निषेधित क्षेत्र तोड्नतर्फ लम्किए ।

⏭ क्रमशः पृष्ठ २ मा

### पत्रकार कार्की घाइते



**काठमाडौं (प्रस)–** शिक्षक आन्दोलनमा रिपोर्टिङ गर्ने क्रममा पत्रकार सविना कार्की घाइते भएकी छन् । प्राइम टेलिभिजनमा कार्यरत कार्की आइतबार प्रहरीले हानेको पानीको फोहोरा लागेर घाइते भएकी हुन् ।

कार्कीको दुवै आँखामा गम्भीर चोट लागेको छ । दाहिने आँखा खोल्नै नमिलेको तर देब्रे आँखा भने सक्ने उनले बताएकी छन् । उनको आँखाभित्र रगत जमेको र लेन्सहरू सुन्निएको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । तिलगंगा आँखा अस्पतालमा उपचारपछि उनलाई आइतबार नै डिस्चार्ज गरिएको थियो ।

आइतबार दिउँसो १२ बजेतिर शिक्षकहरू बानेश्वरमा रहेको निषेधित क्षेत्र तोड्न अघि बढ्दा प्रहरीले पानीको फोहोरा हानेको थियो । मोबाइलबाट उक्त दृश्य खिच्न खोज्दा आफ्नो अनुहारमा फोहोराले लागेको कार्कीले बताएकी छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# गभर्नर नियुक्तिमा गठबन्धन दल सहमतिनजिक

- प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीचको भेटपछि डा. गुणाकर भट्टको राजीनामा स्वीकृत गर्न दबाब
- भट्टलाई कांग्रेसको कोटाबाट गभर्नरमा सिफारिस गरिँदै
- गभर्नर सिफारिस समितिमा एक सदस्य थप भएसँगै नयाँ गभर्नर नियुक्ति अघि बढ्ने

■ **प्रभाव संवाददाता**





**काठमाडौं–** नयाँ गभर्नर कसलाई बनाउने भन्ने विषयमा सत्तारुढ दल सहमतिनजिक पुगेका छन् । शनिबार राति प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भएको लामो छलफलपछि गठबन्धन दल गभर्नर नियुक्तिमा सहमतिनजिक पुगेका हुन् ।

थाइल्याण्ड भ्रमणबाट फर्केपछि देउवा प्रधानमन्त्री ओलीलाई भेट्न बालुवाटार पुगेका थिए । उक्त भेटमा सरकार परिवर्तनबारे चलेका पछिल्ला चर्चा, गभर्नर नियुक्ति, शिक्षक आन्दोलनका विषयमा कुराकानी भएको बालुवाटार स्रोतले जनायो ।

गभर्नर नियुक्तिमा ढिलाइ भएको भन्दै कांग्रेसका नेतहरूले असन्तुष्टि जनाउँदै आएका थिए । कांग्रेसको प्रमुख असन्तुष्टि भनेको गभर्नर आफूनिकटकालाई बनाउनुपर्छ भन्ने हो । यसकारण पनि कांग्रेस महामन्त्री गगन थापाले यो प्रकरणमा बिचौलियाले प्रधानमन्त्रीको बेडसम्मै पहुँच बनाइसकेको आरोप लगाएका थिए । देउवासँग भेटेपछि प्रधानमन्त्री ओलीले यसको प्रमाण देखाउन चुनौती दिएका छन् । 'प्रधानमन्त्रीको बेडरुमसम्मै विचौलियाको पहुँच पुग्या छ रे... दया लाग्छ तिनको त्यस्ता शब्द सुन्दा, के बोलेको त्यो ? त्यस्ता कुराहरू प्रमाणित गर्न सक्छन् तिनले ?,' ओलीले चुनौती दिए ।

यसैबीच नेपाल राष्ट्र बैंकले आइतबार गभर्नरविनै ७०औं वार्षिकोत्सव मनायो । चैत २४ गतेयता राष्ट्र बैंकको नेतृत्व खाली छ । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच कसरलाई गभर्नर बनाउने भन्ने विषयमा सहमति हुन नसक्दा नेतृत्वविनै राष्ट्र बैंकले वार्षिकोत्सव मनाएको हो ।

### भट्टको राजीनामा स्वीकृत गर्न निर्देशन

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले कायममुकायम गभर्नर नीलम ढुंगानालाई डाकेर डा. गुणाकर भट्टको राजीनामा स्वीकृत गर्न निर्देशन दिएका छन् । आइतबार अर्थमन्त्री पौडेलले कार्यकारी निर्देशक पदबाट राजीनामा दिएका भट्टको राजीनामा स्वीकृत गर्न निर्देशन दिएको अर्थ मन्त्रालय स्रोतले जनायो ।

भट्टले यसअघि नै कार्यकारी निर्देशक पदबाट राजीनामा दिएका थिए । उनको राजीनामा विचाराधीन रहेको छ । यता अर्का प्रत्यासी राष्ट्र बैंकका नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी निर्देशक प्रकाश श्रेष्ठको राजीनामा भने अस्वीकृत भइसकेको छ । श्रेष्ठ एमालेनिकट प्रत्यासी हुन् । यद्यपि गभर्नरमा उनको नाम चर्चामा आएको भन्दै राजीनामा रोकिएको थियो ।

शनिबार देउवा र ओलीबीचको भेटमा अर्थमन्त्री पौडेल र गृहमन्त्री रमेश लेखक पनि सहभागी थिए । छलफलमा गभर्नर भट्टलाई बनाउने विषयमा सहमतिनजिक पुगेको बालुवाटार स्रोतको दाबी छ ।

#### सिफारिस समिति सदस्यको खोजी

चैत ११ गतेको मन्त्रिपरिषद्ले उपप्रधान एवं अर्थमन्त्री पौडेलको नेतृत्वमा तीन सदस्यीय गभर्नर सिफारिस समिति गठन गरेको थियो । उक्त समितिमा पूर्वगभर्नर विजयनाथ भट्टराई र योजना आयोगका पूर्वउपाध्यक्ष विश्व पौडेल रहेकोमा भट्टराईले एक साताअघि मात्र राजीनामा दिए । सिफारिस समितिको बैठक नै नबसी गभर्नर नियुक्त गर्न लागेकोमा असन्तुष्टि जनाउँदै भट्टराईले राजीनामा दिएका हुन् । योसँगै नयाँ गभर्नर सिफारिस समितिमा एक सदस्य रिक्त रहेको छ ।

देउवा र ओलीबीच शनिबार सिफारिस समितिमा केही पूर्वगभर्नरहरूलाई नियुक्त गरेर गभर्नर नियुक्तिका लागि अन्तिम नाम सार्वजनिक गर्ने तयारीको विषयमा पनि छलफल भएको अर्थले जनाएको छ । उक्त पदमा पूर्वगभर्नर डा. तिलक रावल वा डा. चिरञ्जीवी नेपालमध्ये एक जनालाई ल्याउने तयारी भइरहेको छ । प्रस्तावित दुवै नेपाली कांग्रेसनिकट हुन् ।

#### सरकार नढल्नेमा ढुक्क ओली

गभर्नर नियुक्ति प्रकरणकै कारण धरमरमा परेको ओली गभर्नर पद कांग्रेसलाई सुम्पिएपछि ढुक्क सुनिएका छन् । मदन भण्डारी फाउन्डेसनको चौथो राष्ट्रिय सम्मेलन उद्घाटनका क्रममा आइतबार उनले यस्तो बताएका हुन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## स्वास्थ्यपरीक्षण मापदण्ड कार्यान्वयनमा जुट्दै मेडिकल व्यवसायी

■ **ममता थापा**



**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्यपरीक्षणलाई व्यवस्थित बनाउन भन्दै सरकारले तोकेको मापदण्ड पूरा गर्ने तयारीमा व्यवसायीहरू लागेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत चैत १५ गतेको सूचनामा सूचीकृत संस्थाहरूलाई दुई महिनाभित्र आवश्यक पूर्वाधारको व्यवस्था गर्ने समय दिएको थियो । जसअनुसार अब जेठ १५ गतेभित्र सबै व्यवसायीले कार्यविधिमा तोकिएबमोजिमको मापदण्ड तयार पारी मन्त्रालयबाट निरीक्षण गराउनुपर्ने छ ।

मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्था खारेज गर्ने मन्त्रालयको भनिसकेको छ । मापदण्ड पूरा गरेपश्चात् रोजगारीमा जाने श्रमिकले ३४ प्रकारका परीक्षण गराउनुपर्ने छ भने यसबापतको शुल्क नौ हजार ५०० रूपैयाँ तिर्नुपर्ने छ ।

सुरुआतमा सरकारको निर्णय चुनौतीपूर्ण हो कि भनेका व्यवसायीहरू अहिले भने धमाधम मापदण्ड पूरा गर्नतर्फ जुटेको नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाईंले बताए । संघले विगतदेखि स्वस्थ्य परीक्षणलाई प्रविधिमैत्री बनाउनुपर्ने, शुल्क परिमार्जन गर्नुपर्नेजस्ता विषय उठाएको र सरकारले पनि सोही कुराको सुनुवाइ गर्दै सूचना निकालेकाले सरकारको निर्णय पालना गर्ने उनले बताए ।

> मापदण्ड पूरा नगरेकाहरूलाई सबै उपकरण किन्नुपर्छ । उनीहरूलाई एक करोड रूपैयाँले पनि पुग्दैन । उनीहरूलाई सरकारले छुट दिनुपर्छ भन्ने पक्षमा हामी छैनौं ।
>
> **■ कृष्णप्रसाद बजगाईं**
> महासचिव, नेपाल मेडिकल व्यवसायी संघ

आवश्यक मापदण्ड पूरा गर्न १५-२० लाख रूपैयाँले पुग्ने जनाइएको छ । 'स्वास्थ्यपरीक्षणसम्बन्धी २०८० को मापदण्ड पूरा गरेकाहरूका लागि सुगरको जाँच गर्ने 'एचपिएलसी एनालाइजर' र मिर्गौलाको अवस्था थाहा पाउन अल्ट्रासाउण्ड गर्न 'युएसजी' मेसिन थप्दा पुग्छ । यति थप्न गुणस्तरअनुसार १५-२० लाखदेखि २०-२२ लाख रूपैयाँको भार पर्छ,' उनले भने, 'मापदण्ड पूरा नगरेकाहरूलाई सबै उपकरण किन्नुपर्छ । उनीहरूलाई एक करोड रूपैयाँले पनि पुग्दैन । उनीहरूलाई सरकारले छुट दिनुपर्छ भन्ने पक्षमा हामी छैनौं ।'

जहिले पनि व्यवसायीमाथि प्रश्न उठेको हुँदा गुणस्तरको प्रत्याभूति दिलाउन पूर्वाधार जोड्न बाध्य भएको उनको भनाइ छ।

⏭ क्रमशः पृष्ठ २ मा

### सिण्डिकेट हट्ने व्यवसायीको अपेक्षा

मेडिकल व्यवसायीहरूले लामो समयदेखि लड्दै आएको सिण्डिकेटको विषय पनि नयाँ सिस्टम बनेपछि हट्ने अपेक्षा व्यक्त गरेका छन् । अब सबै क्षेत्रबाट हुने स्वास्थ्यपरीक्षणमा 'कमन प्लाटफर्म' प्रयोग हुने भएकाले यो या त्यो नाममा सरकारले विभाजन गर्न नमिल्ने उनीहरूले बताएका छन् ।

'अब गाम्काले दिने रिपोर्ट, मलेसियाको रिपोर्ट र हामीले दिने रिपोर्ट एउटै हो । अब देशैपिच्छे अनुगमन गर्दै कम्पनी छुट्याउने काम सरकारले बन्द गर्नुपर्छ,' महासचिव बजगाईंले भने । सबै व्यवसायी एकै स्तरको हुने भएपछि सबैले सबै मुलुकका लागि काम गर्न पाउने भनेर श्रममन्त्री शरतसिंह भण्डारीले मौखिक प्रतिबद्धता व्यक्त गरेको उनको भनाइ छ ।


जनहितमा जारी सन्देश

**हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं**

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# मिश्र, प्रसाईंसहितलाई थप सात दिन हिरासतमा राख्न अनुमति

**काठमाडौं (प्रस)–** काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता रवीन्द्र मिश्र, मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायत २४ जनालाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिइएको छ ।

उनीहरूलाई आइतबार काठमाडौं जिल्ला अदालतमा पेस गरिएकामा अनुसन्धानका लागि सात दिन म्याद थप गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले भने २० दिनको म्याद मागेको थियो ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको इजलासले सात दिन हिरासतमा राख्न अनुमति दिएको हो । यसअघि वैशाख १० गते तीन दिनमात्रै म्याद थप भएको थियो । गत चैत १५ गते भएको उक्त घटनामा पक्राउ गरी परिसरले अनुसन्धान गरिरहेको छ । घटनामा ८५ जनालाई पक्राउ गरिएकामा २१ जना हाजिर जमानीमा छुटेका छन् भने ६४ जनामाथि अनुसन्धान भइरहेको छ ।

तीमध्ये प्रसाईं र मिश्रलगायत २४ जनालाई राज्यविरुद्धको अपराध र संगठित अपराधमा मुद्दा चलाइएको छ । बाँकीलाई भने आपराधिक उपद्रव र संगठित अपराधमा मुद्दा चलाइएको छ । तीनकुनेमा भएको प्रदर्शन हिंसात्मक हुँदा दुईजनाको ज्यान गएको थियो भने दर्जनौं घाइते भएका थिए । सरकारीलगायत निजी संरचनामा आगो लगाउने र तोडफोड गर्ने कामसमेत भएको थियो ।

# कारागारभित्रै सीप सिकेर कमाउँदै कैदीबन्दी

**बागमती–** मकवानपुरको भीमफेदी कारागारमा रहेका कैदीबन्दीहरू कारागारभित्रै सीपमूलक कार्य गरी राम्रो आम्दानी गर्दै आएका छन् । कारागार व्यवस्थापनले विभिन्न आरोपमा कैद भुक्तान गरिरहेका कैदीबन्दीलाई समाजमा पुनःस्थापित गराउने उद्देश्यले कारागारभित्रै सीपमूलक कार्य गर्न प्रेरित गरेपछि उनीहरू त्यसतर्फ आकर्षित भएका हुन् ।

कारागारभित्र कैदीहरू कोही गलैंचा बनाउन व्यस्त छन् भने कोही मुढा त कोही मैनबत्ती बनाउन व्यस्त रहेको दृश्य कारागारभित्र देख्न सकिन्छ । कैदीबन्दीमध्ये धेरैले कुनै न कुनै सीपमूलक काम गरेर आयआर्जन गरिरहेका छन् ।

कतिपय कैदीबन्दीहरूलाई जेलमा भेट्न आउने आफन्तसँग भेटघाट गर्नसम्म फुर्सद हुँदैन । कैदीबन्दीहरू सीपमूलक कार्य गरेर मासिक १५ हजारदेखि २० हजार रूपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । विभिन्न कारण र बाध्यतामा अपराध कर्म गरे पनि कारागारभित्रै सीप सिकेर आम्दानी गर्न पाउँदा समाजमा पुनःस्थापित हुनसमेत सहज हुने कैदी जयराम रूम्बाले बताए ।

'अदालतबाट जेल सजाय पाएपछि जीवन नै सकियो भनेजस्तो लागेको थियो,' मकवानपुरका रूम्बाले भने, 'तर जेलमा आएर गलैंचा बनाउने सीप सिकेपछि फेरि समाजमा इमान्दारीपूर्वक काम गरेर जीवन बिताउन सकिन्छ भन्ने आशा जागेको छ ।' उनले गलैंचा बनाएर महिनाको १६ हजार रूपैयाँसम्म कमाइरहेका छन् । यो कमाइले उनलाई पकेट खर्च चलाउन समस्या छैन ।

रूम्बासँगै कारागारको १ नम्बर ब्लकमा रहेका भक्तबहादुर गुरूङले पनि विगत चार वर्षदेखि कारागारभित्रै गलैंचा बनाएर आम्दानी गर्दै आएका छन् । 'कम्पनीले कारागार व्यवस्थापनमार्फत गलैंचा बनाउन अर्डर पठाउँछ, त्यसपछि हामी तयार पारेर कम्पनीलाई दिन्छौं,' गुरूङले भने, 'हामी २०/२५ जना गलैंचा बनाउन सिकेका छौं, हामीले बनाएको गलैंचा स्तरीय भएकाले बढी अर्डर आउने गर्छ ।'

दुई हजार कैदीबन्दी राख्ने क्षमता रहेको भीमफेदी कारागारमा अहिले एक हजार २४ कैदीबन्दी छन् । सो कारागारमा लागुऔषध, जबर्जस्ती करणी, ज्यानलगायत मुद्दाका बढी कैदीबन्दी छन् । यीमध्ये धेरैले बाँसको मुढा र मैनबत्ती बनाउँदै आएका छन् ।

'विभिन्न मुद्दामा परेर जेल आउने र जाँदा सीप सिकेर फर्किने गरेका छन्,' कारागारभित्र बाँसको मुढा बनाउन व्यस्त सीताराम महतोले भने, 'जेल सुध्रिने ठाउँमात्र होइन, गर्नेहरूका लागि सीप सिकेर आयआर्जन गर्ने ठाउँका रूपमा विकास भइरहेको छ ।' कैदीबन्दीलाई कारागारभित्र सुधार्नका साथै सीपमूलक कार्यमा अभिप्रेरित गर्ने कार्य भइरहेको कारागारका कैदी जलबहादुर गुरूङको कथन छ ।

'कारागारमा रहेका अधिकांश कैदीबन्दी कुनै न कुनै सीपमूलक कार्य गरेर आयआर्जन गरिरहेका छन्,' गुरूङले भने, 'यहाँ रोजगार गरेर कमाउँछु भन्दा कमाउन सक्ने ठाउँ पनि हो ।' कैदीबन्दीको बिहान ८ बजेदेखि बेलुका ५ बजेसम्म मुढा र मैनबत्ती बनाउनु दैनिकीजस्तै भइरहेको कैदीबन्दीको भनाइ छ । भीमफेदी कारागारका प्रमुख जेलर सुवास पौडेलका अनुसार कारागारमा रहेका कैदीबन्दीमध्ये २५० जना गलैंचा, १५० जना मुढा बनाउने र ५० जना मैनबत्ती बनाउन र पाँच जना पोते बनाएर कारागारभित्रै आयआर्जन गर्दै आएका छन् ।

कैदीबन्दीलाई सीप विकास गर्न सके राज्यको आर्थिक भारमासमेत सहुलियत हुने प्रमुख जेलर पौडेलले बताए । 'सरकारले पनि जेल सजाय भोगिरहेका कैदीबन्दीलाई समाजमा पुनःस्थापित गराउनुपर्छ भन्ने मान्यता राखेको छ,' प्रमुख जेलर पौडेलले भने, 'सरकारको त्यही मान्यताअनुरूप कारागारभित्रै कैदीबन्दीलाई सीपमूलक काम सिकाएर आम्दानीको स्रोत पहिल्याइ दिएका हौं ।'

यसबाट कैदीबन्दीलाई कारागारमा रहँदा समय बिताउन समस्या पनि नहुने र आयआर्जनसमेत गर्न सकिने र पछि फर्किएर समाजमा पनि सहजरूपमै जीवनयापन गर्न सकिने प्रमुख जेलर पौडेलको भनाइ छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## गभर्नर नियुक्तिमा...

'एउटा कम्युनिस्ट आन्दोलन ध्वस्त पार्न हाम्राविरुद्ध विभिन्न प्रकारका लाञ्छना र आरोप लगाउने । अर्को ढल्यो, ढल्यो, ढल्यो सरकार ढल्यो । अहिले ढल्यो, भरे ढल्यो भन्ने,' प्रधानमन्त्री ओलीले भने, 'शेरबहादुरजी फर्कनेबित्तिकै ढल्यो । शेरबहादुरजीले चिसो पानी टाउकाबाट खन्याएपछि फेरि छक्क परेका छन् ।'

अहिले एमाले र नेपाली कांग्रेसको सहभागितामा सरकार बन्नु समयको आवश्यकता भएको तर्क गर्दै ओलीले स्थिरता, विकास र सुशासनले गति लिन थालेको दाबी गरे । 'झूटा कुराको सहायतामा यस्तो विरोध गरिएको छ कि मानौं, सरकारले केही गरेको छैन । हामीले देश बर्बाद बनाइरहेका छौं, हामीले कुनै अपराध गरिरहेका छौं,' प्रधानमन्त्री ओलीले भने, 'आजकल नीलो रंगका स्यालहरू निकै हाउभाउ गरिरहेका छन् । तिनीहरूको वास्तविक रूप लामो समय टिक्ने छैन । एमाले आफूलाई आगामी निर्वाचनमार्फत निर्णायक राष्ट्रिय शक्तिमा विकसित हुने लक्ष्यमा छौं । हामी हाम्रा सही विचार, इमान र सत्यको राजनीतिबाट स्थापित हुन्छौं ।'

■■■

## शिक्षक आन्दोलन...

यसले आन्दोलनकारी शिक्षकहरूले धैर्यता गुमाउँदै गएको भन्दै आलोचनासमेत हुने गरेको छ । शिक्षामन्त्री रघुजी पन्तले वक्तव्य जारी गरेरै शिक्षक महासंघलाई वार्तामा आउन आह्वान गरे । 'अर्थतन्त्रले धान्ने सीमाभित्र रहेर समाधान खोज्न सरकार तयार रहेको' प्रतिबद्धतासमेत जनाए । तर, उनीसँग गम्भीर छलफल नहुँदै सिंहदरबार गेटपासका लागि पठाएको नामावलीकै कुरामा संवाद रोकियो । शनिबार भएको वार्ता पनि निष्कर्षविहीन बन्यो ।

महासंघले विद्यालय शिक्षा ऐनमा दुईपटक गरेर गत असोजमा भएको ११ बुँदे सम्झौता लागू हुनुपर्ने र तुरुन्त ऐन ल्याइनुपर्ने माग अघि सारेको छ । त्यसमै तलब र सुविधा निजामती कर्मचारीसरह हुनुपर्ने, ग्रेड वृद्धि, शिक्षकलाई संघीयमातहत राख्ने, नियुक्ति उमेर ४० वर्ष पुर्‍याउने र बालविकास सहजकर्ताको तलब बढाउनेलगायतका माग छन् ।

तर, शिक्षकहरू विद्यार्थीको पढ्न पाउने अधिकार सीमित गर्दै अघि बढेका छन् । यसका लागि संसद्, सांसद र सरकार जिम्मेवार छन् । किनभने १८ महिनादेखि विद्यालय शिक्षा विधेयक संसदमा अड्किएको छ । गत वर्ष शिक्षक महासंघसँग भएका सम्झौता कागजमै सीमित छन् ।

यसपटक पनि पूर्वशिक्षामन्त्री विद्या भट्टराईले सहमतिका लागि सात बुँदे समझदारी तयार गर्न लागेकी थिइन् तर उनले समझदारी नहुँदै राजीनामा दिइन् । अर्कातिर, प्रधानमन्त्री केपी शर्मा ओली मन्त्रिपरिषद्बाट निःसर्त निर्णय गर्न आनाकानी गर्छन् । अर्थ मन्त्रालय आठ अर्ब रूपैयाँको आर्थिक दायित्व बढ्ने तर्क गरेर पन्छिँदै आएको छ ।

यस्तोमा नवनियुक्त शिक्षामन्त्री पन्तले शिक्षक आन्दोलनलाई कसरी सुरक्षित अवतरण गराउँछन् ? उनको कार्यकालको सफलता वा असफलता निर्भर छ । पत्रकारिताबाट राजनीतिमा आएका पन्तले सधैं गुणस्तरीय र गरिखाने शिक्षाको कुरा सडकदेखि सदनसम्म उठाए । अब उनले बोलेका कुरा व्यवहारमा देखाउने बेला आएको छ ।

शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार बाटो सजिलो भने छैन । छिटोभन्दा छिटो समस्या समाधानको वातावरण बनाउन नसकेर लाचार बनेको सरकार र विद्यार्थीप्रति कर्तव्यविमुख देखिएका शिक्षकको यो टकराव कति लम्बिन्छ, अहिल्यै भन्न सक्ने अवस्था नभएको कोइराला बताउँछन् । यो अवस्था लम्बिनु सरकार र महासंघ दुवैका लागि घातक हुने देखिन्छ । त्यसै पनि ७० प्रतिशत विद्यार्थी पढ्ने सामुदायिक विद्यालयहरू एक महिनादेखि बन्द हुँदा अभिभावक निजीतर्फ धकेलिँदै छन् ।

■■■

## पत्रकार कार्की ...

'त्यसपछि केही देखिनँ । दिमाग ब्ल्यांक भयो । चिच्याएँ । आत्तिएँ,' उनले संञ्चारकर्मीसंग बताइन् । कार्की आत्तिन थालेपछि एक जना शिक्षिकाले प्रहरीलाई खबर गरेलगतै उनलाई प्रहरीले नै नजिकैको सिभिल अस्पताल पुर्‍याएका थिए । त्यहाँका चिकित्सकले ट्रमा सेन्टर रिफर गरेका थिए । आँखामा चोट भेटिएपछि उनलाई तिलगंगा आँखा अस्पताल पुऱ्याइएको थियो । आफूलाई जानीजानी हानेको नभई गल्तीले लागेको उनले बताएकी छन् । यसैबीच नेपाल पत्रकार महासंघलगायत संघसंस्थाले पत्रकार कार्की घाइते भएकोप्रति आपत्ति जनाएका छन् ।

■■■

## स्वास्थ्यपरीक्षण...

यहाँको परीक्षणमा गुणस्तर कायम गर्न व्यवसायीले कुनै कसर बाँकी नराख्ने तर सम्बन्धित देशमा गएर स्वास्थ्यपरीक्षण गर्नेतर्फ पनि ध्यान दिनुपर्ने उनको भनाइ छ ।

केही व्यवसायीहरूमा छलछाम गरेर काम चलाउँला भन्ने मानसिकता भएकाले सरकारको यो नियमले यस क्षेत्रको शुद्धीकरण हुने संघकी वरिष्ठ उपाध्यक्ष कला दाहाल बताउँछिन् । पूर्वाधार जोड्न आफूलाई भने एक करोड लाग्ने उनको भनाइ छ । 'कम्तीमा पनि ५० लाख रूपैयाँ त खर्च हुन्छ, राम्रो सामान हाल्दा,' उनले भनिन् । व्यवसायीलाई रकमको जोरजाम गर्न, मेसिन मगाउनलगायत काममा कम्तीमा तीन-चार महिना दिएको भए हुन्थ्यो । अब सरकारको निर्णय हो, पालना त गर्नैपर्छ,' उनले भनिन् ।

पूर्वाधारका कारण आर्थिक भार पर्ने संस्थाहरूले मर्ज गरेर चलाउन सक्ने जनाइएको छ । डिजिटलाइज्ड भइसकेपछि श्रमिकको स्वास्थ्यपरीक्षणको रिपोर्ट मेसिनबाट सीधै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा इन्ट्री गरिन्छ । व्यक्तिको रिपोर्ट सीधै मेसनबाट सिस्टममा पठाइने हुँदा जुनसुकै स्थानमा पनि व्यक्तिको स्वास्थ्य अवस्थाको जानकारी लिन सकिने छ ।

### किन नयाँ मेसिन ?

हाइ पर्फमेन्स लिक्विड क्रोमाटोग्राफी (एचपिएलसी) एनालाइजरले कुनै पनि व्यक्तिलाई विगतमा सुगर लागेको थियो/थिएन या औषधि खाएर निको पारेको हो/होइन जस्ता जानकारी दिन सक्छ । यसले श्रमिकको विगत तीन महिना अघिदेखिको मधुमेहको ग्राफ दिन्छ । जुन थाहा भए सम्भावित दुर्घटना कम गराउन सकिने चिकित्सकको भनाइ छ ।

त्यस्तै विगतमा मिर्गौलाको जाँच रगतबाटै गरिन्थ्यो । शंकास्पद व्यक्तिलाई मात्र (अल्ट्रासाउण्ड सोनोग्राफी) युएसजी गर्न बाहिर पठाइन्थो । अब भने अनिवार्य गरिएको छ । युएसजी मेसिनले पेटको अल्ट्रासाउण्ड गरेपछि मिर्गौलाको सम्पूर्ण अवस्था थाहा पाउन सकिन्छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरूलाई मिर्गौलाको समस्या र मधुमेह देखिन थालेको छ । यसैलाई नियन्त्रण गर्न सरकारले मधुमेह र मिर्गौलको परीक्षणमा जोड दिएको हो ।


**ललितपुर महानगरपालिका वडा नं. १८ को संधियारको नाममा जारि भएको सूचना**

प्रकाशित मितिः २०८२/०१/१५

अर्पणा हाडाको नाममा दर्ता कायम भएको साविक कार्यविनायक न.पा. ५ हाल ललितपुर महानगरपालिका वडा नं. १८ को कि.नं. १८१६ क्षे.फ. १२७.२९ ब.मी. जग्गामा नयाँ घर निर्माणका लागि नक्सा दरखास्त परेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नक्सा बमोजिम नयाँ घर निर्माण गर्दा संधियारलाई पिर मर्का सन्धी सर्पन पर्ने भए सबुद प्रमाण सहित १५ दिन भित्र उजुरी दरखास्त दिन ल्याउनु होला भन्ने व्यहोराको मिति २०८२/०१/०४ गतेको १५ दिन सूचना बुझाउन जाँदा पूर्व तर्फ कि.नं. ६०५ का जग्गाधनिहरु राम थापा र पवन थापा फेला नपरेको हुँदा संधियार फेला नपरेमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्ने व्यवस्था बमोजिम उक्त कित्ता जग्गामा नयाँ घर निर्माण गर्दा पिर मर्का सन्धी सर्पन पर्ने भएमा सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र उजुरी दरखास्त दिन ल्याउनु हुन अनुरोध गर्दछु । दरखास्तवाला अर्पणा हाडा ।

**ईति सम्बत २०८२ साल वैशाख महिना १४ गते रोज १ शुभम् ।**

**डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेलको काठ लिलाम सम्बन्धि सूचना**

**प्रकाशित मिती: २०८२/०१/१५**

उपरोक्त बिषयमा यस कार्यालय अन्तर्गत घाटगद्धीमा रहेका गोलिया काठ १. खयर (१७१ थान, १२४.९५ क्यु.फि., घाटगद्धी: स.डि.व.का. साल्मेचाकलर २१ दिने), (२. खोटेसल्ला (२८ थान, ५७५.२७ क्यु.फि., घाटगद्धी: महांकाल आ.वि. तेमाल ६), ३. खोटेसल्ला/उत्तिस/चिलाउने लगायत (८०८ थान, २९५६.२ क्यु.फि., घाटगद्धी: स.डि.व.का. महादेवस्थान), ४. खोटेसल्ला (१४४५ थान, ४१७८.६६ क्यु.फि., घाटगद्धी: बासुकी सा.व. बनेपा १३), ५. पाटे/खोटेसल्ला लगायत (११९० थान, ५१७४.८१ क्यु.फि., घाटगद्धी: लाँकुरी रुख भुलभुले सा.व. भुम्लु ४) र ६. साल (चिरान ३८४ थान, गोलियामा परिणत ६२९.६० क्यु.फि., घाटगद्धी: महाभारत ४)/१५ दिने जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी वोलपत्रद्वारा विक्री गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक वन पैदावारमा आधारित उद्योग संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रकाशन भएको मितीले तोकिएको समयाअवधि भित्र यस कार्यालय/सम्बन्धित वन समूहको कार्यालयमा अन्तिम दिनको दिउँसो १:०० बजे भित्र सिलवन्दी वोलपत्र फाराम दाखिला गर्न यसै सुचनाबाट आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको संपर्क नं ०११-४९०१७५, ९८५१२५४६७२/सम्बन्धित वन समूहको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२–०१–१५

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/१४मा स्वीकृती प्राप्त भई साबिक कम्पनी **युका नेपाल इन्भेष्टमेन्ट प्रा.लि** (प्रा.लि.नं.१११३३३)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनी **खिमादेबी लगानी कोष प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गर्दछौ ।

**कम्पनीको नाम परिर्वतन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८२/०१/१५

कम्पनीको मिति २०८१/१२/१७ मा सम्पन्न साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको तपसिल बमोजिम नाम परिवर्तन भएको जानकारी गराईन्छ ।


**तपसिल**

**साविकको नाम : माँ बज्रयोगिनि निर्माण एण्ड सप्लायर्स प्रा. लि.**
**परिवर्तित नाम : सिवाली इन्फ्राकन प्रा. लि.**

**कम्पनी बन्द हुने सम्बन्धमा ३५ दिने सूचना**

***श्री कारोबार सम्बन्धित सबै सरोकारवालाहरुमा, यस ई. घर ग्रुप प्रा.लि., दर्ता नं. २५१७१४/०७७/०७८ कार्यालय ठेगाना काठमाडौं, मिति २०८१/१२/०१ मा बसेको कम्पनीको विशेष साधारण सभाको वैठकको निर्णय अनुसार कम्पनी स्वेच्छिक रूपमा बन्द प्रक्रिया अगाडि बढाइएको हुनाले सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र कुनै दाबी, आपत्ति वा बक्यौता विवरण भएमा कम्पनीको कार्यालयमा वा कम्पनी रजिष्ट्रारको कार्यालयमा लिखित रुपमा बुझाइदिनुहुन अनुरोध गरिन्छ अन्यथा सो समयावधि पछी प्रचलित कानून बमोजिम कम्पनी बन्द गर्ने प्रक्रिया अघि बढाइनेछ ।***


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


**सोमबार, १५ वैशाख, २०८२**

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।सुखद |
| **कुम्भ** | समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ वैशाख, २०८२ (२८, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४३ | १३७.०३ |
| युरो | १ को | १५५.०५ | १५५.७३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.६४ | १८२.४४ |
| स्विस फ्रैन्क | १ को | १६४.६७ | १६५.४० |
| अस्ट्रेलियन डलर | १ को | ८७.०७ | ८७.४५ |
| क्यानाडियन डलर | १ को | ९८.२८ | ९८.७१ |
| सिङ्गापुर डलर | १ को | १०३.८१ | १०४.२६ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | १८.७२ | १८.८० |
| साउदी अरब रियाल | १ को | ३६.३७ | ३६.५३ |
| कतारी रियाल | १ को | ३७.४३ | ३७.५९ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१४ | ३७.३१ |
| मलेसियन रिङ्गेट | १ को | ३१.१९ | ३१.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.४८ | ९.५२ |
| स्विडिस क्रोनर | १ को | १४.०८ | १४.१४ |
| डेनिस क्रोनर | १ को | २०.७७ | २०.८६ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४४.९३ | ४४६.८९ |
| बहराइन दिनार | १ को | ३६१.९५ | ३६३.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**मातातीर्थ कुण्डमा भक्तजन** | मातातीर्थ औंशीका दिन आइतबार काठमाडौंको चन्द्रागिरि नगरपालिका–६ मातातीर्थ कुण्डमा आमा नहुने भक्तजनको घुइँचो । मातातीर्थ औंशीका अघिल्लो रात माथातीर्थ कुण्ड परिसरमा भक्तजनहरू जाग्राम बसेर आमाको स्मृतिमा बत्ती बाल्ने परम्परा रहेको छ । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# स्थानीय तहमा आपत्कालीन गोदामघर बनाउनुपर्नेमा जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** गृहमन्त्री रमेश लेखकले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि स्थानीय तहहरूमा आपत्कालीन गोदामघर स्थापना गर्नुपर्नेमा जोड दिएका छन् । आइतबार गृहमन्त्रीसँग विपद् संवाद शुभारम्भ कार्यक्रममा उनले विपद्का घटनासँग सबैभन्दा नजिक स्थानीय तह हुने गरेकाले त्यसलाई मजबुत् बनाउन आवश्यक रहेको बताए ।

'यहाँबाट तपाईं हामी बसेर नीतिनिर्माण गर्ने हो,' गृहमन्त्री लेखकले भने, 'यसलाई लागू गर्ने भनेको स्थानीय तहले भएकाले स्थानीय तहरूलाई सक्षम बनाउन पनि आपत्कालीन गोदाम घर अनिवार्य आवश्यकता हो ।' उनले हरेक स्थानीय तहमा आपत्कालीन गोदामघर स्थापना गरेर त्यस आधारभूत सामग्रीहरू राख्नुपर्ने बताए ।

'प्रत्येक पालिकमा गोदामघर बनाऔं, त्यो भनेको छुट्टै घर, जग्गा, गोदाम बनाउनुस् भनेको होइन । प्रत्येक पालिकाका आफ्ना कार्यालय छन्, ती कार्यालयको एउटा कोठालाई गोदामघर भनेर तोकिदिए हुन्छ,' मन्त्री लेखकले भने, 'त्यसमा आधारभूत सामग्री राखौं । ती गोदामघरलाई संघ र प्रदेश सरकारले पनि आवश्यक सहयोग गरौं । तर आधार स्थानीयलाई बनाऔं । हामी सबै त्यसमा समन्वय गर्न तयार छौं ।'

उनले चारवटा प्रदेशमा आपत्कालीन गोदामघर प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको जानकारी दिँदै काठमाडौंबाहेक अन्य गोदामघर पनि केही समयभित्रै प्रदेश सरकारलाई हस्तान्तरण गरिने उल्लेख गरे । 'प्रदेशका विमानस्थलमा स्थापना गरिएका गोदामघरबाट विपद्का बेला एउटा कम्बल झिक्न पनि काठमाडौंमा प्राधिकरणसँग समन्वय गर्नुपर्ने स्थिति थियो,' उनले भने, 'अहिले नीतिगत तहबाट निर्णय गर्दै सबै अधिकार प्रदेश सरकारलाई दिएर गोदामघर हस्तान्तरण गर्ने काम भएको छ ।'

विपद् व्यवस्थापनका विषयमा सञ्चार जगतको महत्त्वपूर्ण भूमिका रहने गृहमन्त्रीको भनाइ छ । 'विपद्का विषय सम्बोधन हुनका लागि पूर्वसूचना समयमा हुनुपर्‍यो,' उनले भने, 'विपद्का बेला गरिने प्रतिकार्य, राहत, पुनर्निर्माण र पुनःस्थापना महत्त्वपूर्ण विषय हुन् ।' उनले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संगठित भएर सबै लाग्नुपर्नेमा जोड दिए ।

'तपाईंहरूले सिकेका ज्ञान, सीप अनुभवले यो क्षेत्रलाई व्यवस्थित गर्न, नागरिकलाई हुनसक्ने जोखिमबाट जोगाउने काम गर्न सक्छौं,' लेखकले भने, 'त्यसका लागि संगठित रूपले अगाडि बढ्नसके परिणाम दिने छ । जोखिम न्यूनीकरण गर्न काम गर्न सकिन्छ ।'

# मनाइयो नवदुर्गा जात्रा



**काभ्रेपलाञ्चोक–** बनेपामा तीन दिनदेखि सञ्चालन भएको नवदुर्गा जात्रा आइतबार सम्पन्न भएको छ । जात्राका क्रममा आइतबार साँझ देवगणले नवदुर्गाको भेषमा नाचसँगै 'माछा मार्ने' काम सकेर जात्रा सम्पन्न गरिएको हो ।

विशेषगरी बनेपा नगरपालिका-७ स्थित तीनधारा डबलीमा समापनका अवसरमा भएको नवदुर्गा जात्रामा नवदुर्गाको भेषमा देवगणहरूको नाच हेर्न स्थानीयको भीड लागेको थियो । जात्राका क्रममा श्वेतभैरवले मान्छेरूपी माछा (स्थानीय व्यक्ति) लाई समात्न खोज्ने र जात्रामा सरिक स्थानीय मुखमा हातले थपथपाएर आवाज निकाल्दै भाग्ने चलन रहेको छ । यसरी भागेकालाई श्वेतभैरवले पक्रन खोज्ने भएकाले देवगणद्वारा पक्रियो भने 'अपसकुन' हुने डरले व्यक्तिहरू भागिरहने प्रचलन रहिआएको छ ।

नवदुर्गा जात्रा बनेपाबाहेक काभ्रेपलाञ्चोकको पनौती, धुलिखेल, चौकोट, श्रीखण्डपुरलगायत स्थानमा पनि लाग्ने प्रचलन रहेको छ । यस्तै, बनेपामा जात्रा सकिएपछि 'नवदुर्गा' पनौती जाने मान्यता छ । जात्राको संस्कृतिअनुसार वैशाख महिनामा भक्तपुरबाट नवदुर्गाको आगमन हुने र नवदुर्गाले तीन दिनसम्म विभिन्न हाउभाउका साथ ऐतिहासिक सहर बनेपाका डबलीहरूमा नृत्य देखाउने गर्छन् ।

नवदुर्गाको आगमन हुँदा स्थानीयले आ-आफ्ना घरबाट विशेष पूजा सामग्रीसहित पूजा गर्छन् । श्रद्धालुले पञ्चबली दिने, नवदुर्गा देवगणलाई भोजन गराउनेसमेत गर्छन् । स्थानीय कान्छामान रंजितका अनुसार यस जात्राको मुख्य आकर्षण 'ङा-लाकेगु' अर्थात् माछा मार्नु हो । माछा मार्ने जात्रा देखाउने क्रममा विभिन्न बोल, बाजागाजाको तालमा देवगणबाट नाच प्रस्तुत गरिन्छ । यसअघि वरपर पैसा (दक्षिणा) माग्ने र त्यसपछि मात्रै माछा मार्ने जात्रा प्रारम्भ गरिन्छ ।

पहिले जात्रामा सरिक युवालगयात मान्छेलाई देवताले लखेट्ने र दोस्रो चरणमा साँझपख श्वेतभैरवको ङा-लाकेगु नाच प्रदर्शन गरिन्छ । यस्तै, नाच प्रदर्शनपूर्व महाकाली र श्वेतभैरवको आकर्षक नृत्य देखाइन्छ । जात्रा अवधिभर स्थानीयले नवदुर्गाको पासुका (एक प्रकारको धागोको रंगीचंगी माला) र मोहनी (कालो टीका) लगाउने प्रचलन छ । *रासस*

# कान्तिलोकपथ सडक १५ दिन बन्द गरिने

**बागमती (प्रस)–** हेटौंडा-काठमाडौं जोड्ने कान्ति लोक सडकखण्डमा यही वैशाख १८ गतेदेखि जेठ १ गतेसम्म सवारीसाधनको आवागमन बन्द हुने भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गरी सो सडकखण्डअन्तर्गत मकवानपुरको बकैया गाउँपालिकास्थित ठिंगन-बगुवा खण्डमा सडक स्तरोन्नतिको काम हुने भएकाले सवारीसाधन आवागमन बन्द हुने जानकारी दिएको छ । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेलका अनुसार वैशाख १८ गतेदेखि जेठ १ गतेसम्म १५ दिन बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म दैनिक छ घण्टा उक्त सडकमा सवारीसाधन आवागमन बन्द रहने छ ।

ठिंगन-बगुवा सडकखण्डअन्तर्गत गंगटे नजिकैको भञ्याङडाँडामा सडक स्तरोन्नति गर्ने काम गरिने भएकाले सडकमा सवारी आवागमन बन्द गर्न लागिएको सहायक प्रजिअ कँडेलले बताए । सडक बन्द हुने भएकाले हेटौंडा-काठमाडौं वा काठमाडौं-हेटौंडा यात्रा गर्नुपर्ने भए वैकल्पिक मार्ग प्रयोग गर्न उनले आग्रह गरेका छन् ।

# सांसद राईलाई तीन दिन हिरासतमा राख्न अनुमति



**काठमाडौं (प्रस)–** सहकारी ठगी र संगठित अपराधको कसूरमा पक्राउ परेकी नेपाली कांग्रेसकी सांसद माया राईलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले अनुमति दिएको छ ।

कालीमाटीको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा भएको ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा उनलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान अघि बढाउन अनुमति दिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

उनले भने, 'स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष एवं सञ्चालक गितेन्द्रबाबु राईसमेत भएको ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा फरार निज राईलाई अदालतबाट तीन दिन म्याद थप अनुमति प्राप्त भई अनुसन्धान सुरु गरिएको छ ।' जिल्ला प्रहरी परिसरबाट खटिएको प्रहरी टोलीले बूढानीलकण्ठ नगरपालिका-१० शिवमन्दिर कपनबाट शनिबार राति नियन्त्रणमा लिएको प्रवक्ता बोहराले बताए ।

# सगरमाथा चढ्न असइ छत्याललाई बिदाइ

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले सगरमाथा संवाद कार्यक्रमको प्रवर्द्धनका लागि विश्वको सर्वोच्च शिखर सगरमाथा चढ्ने तयारीमा रहेका सशस्त्र प्रहरीका सहायक निरीक्षक दन्तबहादुर छत्याललाई आइतबार बिदाइ गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा प्रधानमन्त्री ओलीले असइ छत्याललाई सफल यात्राको कामनासहित बिदाइ गरेका हुन् । यात्राका क्रममा जलवायु परिवर्तनको अवस्थाबारे पनि अध्ययन गरी रिपोर्टिङको तयारीमा रहेका छत्याललाई सगरमाथा संवाद लेखिएको ब्यानर हस्तान्तरण गरिएको थियो ।

बिदाइ कार्यक्रममा सरकारका मुख्यसचिव एकनारायण अर्याल, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याललगायत सहभागी थिए । सरकारको आयोजनामा आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा सगरमाथा संवाद हुँदै छ ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/१५ गते (प्रभाव राष्ट्रिय दैनिक)**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्थासँग कर्जा लिंदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउनको लागि निजलाई पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधिसँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईको संस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (सावाँ, ब्याज, हर्जना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिंदा संस्थालाई धितो लेखिदिएको तपसिलको अचल सम्पत्ति सहकारी ऐन २०७४ बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरि कर्जा असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस संस्थालाई लेखिदिएको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणीको अन्य चल अचल सम्पत्तिबाट लेना बाँकी रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| ऋणी :- मैता गुरूङ<br>बाबुको नाम : बुदमान गुरूङ<br>ससुराको नाम : धन बहादुर गुरूङ<br>पतिको नाम : धर्मराज गुरूङ<br>ठेगाना : कटून्जे गा.वि.स.-५, धादिङ्ग ।<br>नागरिकता नं. : १/२०४९, जारी जिल्ला : जि.प्र.का. धादिङ्ग | मैता गुरूङको नाममा मालपोत कार्यालय चाबहिल, काठमाडौंमा दर्ता रहेको काठमाडौं जिल्ला विष्णु (बुढानिलकण्ठ) गा.वि.स. वडा नं. ५ सीट नं. ५ख कि.नं. २०८० को क्षेत्रफल १२७.१६ व.मि. जग्गा लिगलगापात समेत पुरा । |

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.
- नयाँ बानेश्वर, काठमाडौं
- फोन नं: ०१-४७९०९८५, ४७९६३२७
- Email:info@jyotipunja.coop.np,
- URL: www.jyotipunja.coop.np

नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**
(मिनाहामोजरा शाखा, हलचोक, काठमाण्डौं)

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**सूचना नं. ०८१/०८२/०२**
**दोस्रो पटक प्रकाशित मिति :- २०८२/०१/१५ गते ।**

यस सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ११ दिन (मिति २०८२/०१/२५ गते) भित्र बोलपत्र खरिद गरी १२ औं दिन (मिति २०८२/०१/२६ गते) मा दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनिलाई आह्वान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराम तथा सशस्त्र प्रहरी बल, नेपालको Website:-www.apf.gov.np मा राखिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको मिनाहामोजरा शाखामा सम्पर्क राख्न अनुरोध छ ।लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु.१०,९९,२२१।७३ (अक्षरुपी दश लाख उनान्सय हजार दुई सय एक्काईस रुपैयाँ र त्रिहत्तर पैसा मात्र) रहेको छ ।

## कुवेतमा रोजगार — कम्पनी : Antique Beauty saln Company For Ladies

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322421 | चलानी नं. ६०२३६७३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -female | 0 | 1 | 150 | ६६,७७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 1 | 150 | ६६,७७५ | | | | | | | |
| 3 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 2 | 150 | ६६,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२८९/०७४/०७५
SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## कुवेतमा रोजगार — कम्पनी : Alataa International Company For Consumers Order Delivery

पूर्व स्वीकृति मिति : २०८१/०३/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१४ | LT. No. 307161 | चलानी नं. ६०२२२११३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 15 | 0 | 135 | ६०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ganapati Overseas Pvt.Ltd.
Sinamangal -9 Kathmandu, Mob: 9813951511, 9851023416, 9851002766
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## कतारमा रोजगार — कम्पनी : PRAWASHI TRADING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१४ | LT. No. 314476 | चलानी नं. ६०२२८७८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1400 | ५२,५०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1500 | ५६,२६० | | | | | | | |
| 3 | Executive Sales | 0 | 1 | 2500 | ९३,७६५ | | | | | | | |
| 4 | Storekeeper | 0 | 1 | 2200 | ८२,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कुवेतमा रोजगार — कम्पनी : Hassan Taqi Ladies Clothes Tailoring Company

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१४ | LT. No. 316504 | चलानी नं. ६०२३०७८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 10 | 0 | 150 | ६६,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार — कम्पनी : Nouf Hamed Nasser Al-Qahtani Cement Products Factory

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | LT. No. 322681 | चलानी नं. ६०२३६७१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 5 | 0 | 1500 | ५४,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.B. RECRUITMENT SERVICE PVT. LTD
Chuchchepati (Opposite KL tower), Chabahil-7, Kathmandu, Nepal, Tel. No: +977-1-4595967, 4568206, 4584094,
Mob: 9801095968/9818568250/9704524780/974-9242391 E-mail : documentsrbrs@gmail.com, Web: www.rbrs.com.np
Govt. License 929/067/68

## साउदीमा रोजगार — कम्पनी : East Press Factory for Metal Products

पूर्व स्वीकृति मिति : २०८१/१२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321902 | चलानी नं. ६०२३६७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 2 | 0 | 1000 | ३६,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134,
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सदनमा जनताको मुद्दा केन्द्रित होस्

यतिबेला सदनमा विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी र सत्तापक्ष दल नेपाली कांग्रेसबीच एउटा विषयमा विवाद चर्किएको छ। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले चैत १५ गते भाटभटेनी लुटपाट प्रकरणमा कांग्रेस सहमहामन्त्रीका छोरा संलग्न रहेको आरोप लगाए। लिङ्देनले शुक्रबारको प्रतिनिधिसभा बैठकमा लगाएको आरोप स्वतन्त्र सांसद अमरेश सिंहले वैशाख ८ गते एक एफएममा दिएको अन्तर्वार्ताको आधारमा बोलेका थिए।

कांग्रेस सहमहामन्त्रीको छोराको कुरा आएपछि राप्रपा स्रोत भन्दै महेन्द्र यादवको छोरा भन्दै थप समाचार लेखिए। अमरेश सिंहले यो विषय प्रमाणित नभए आफूले सांसद पदबाटै राजीनामा दिने भनेर ठोकुवा गरे। स्वतन्त्र सांसद सिंह 'मिस इन्फरमेसन' दिन माहिर नेता मानिन्छन्। उनले भाटभटेनी घटनाको झण्डै २५ दिनपछि रेडियो अन्तर्वार्तामा बोलेको कुरा राप्रपा अध्यक्षले उद्धृत गरे। त्यही विषयलाई मिडियाले पनि प्राथमिकता दियो। उक्त समाचार लेखेको भन्दै प्रहरीले फेरि पत्रकारमाथि प्रश्न उठाए।

यही कुरालाई प्रमाणित गरिदिन कांग्रेसले सदनमै राप्रपालाई चुनौती दियो। आइतबारको प्रतिनिधिसभा बैठकमा यही विषयले चर्चा पायो। प्रहरीले अरुलाई कारबाही गरेको तर कांग्रेस पदाधिकारीको छोरा भएकोले तुरुन्तै छाडेको प्रधान विषय भयो। तर अहिले चौतर्फी खोजी गर्दा पनि सिंह र लिङ्देनले लगाएको आरोप प्रमाणित हुन सकेको छैन। प्रहरीले यो विषय कपोलकल्पित भनेको छ।

आफूले बोलेको हप्ता दिनसम्म पनि सिंहले प्रमाण दिन सकेका छैनन् भने राप्रपा अध्यक्ष लिङ्देनले त 'रेकर्ड' सुरक्षित रहेको भनेको चार दिन पुग्दा पनि प्रमाण बाहिर आएको छैन। यही विषयका कारण सदनमा जनताको सवालमा उठ्नुपर्ने मुद्दा छायामा परेको छ। जनताको सवालमा बोल्नुपर्ने समय खेर गएको छ। प्रमुख दल र विपक्षी दलबीच आउँदो बजेट कस्तो हुने, देशको बिग्रँदो अर्थतन्त्रलाई कसरी सुधार्दै लैजाने भन्ने विषयमा छलफल चल्नुपर्थ्यो।

तर विपक्षी दलले सत्तापक्षलाई कसैगरी दोष देखाउने र सत्तापक्ष पनि यही विषयमा 'मेरो गोरुको बाह्रै टक्का' शैलीमा प्रमाण खोज्दै बस्नु उदेकलाग्दो छ। विपक्षले जे आरोप लगाए पनि सत्तारुढले सबैभन्दा पहिले जनतामा आशा छाउने खालको काम गर्ने हो। यस्तो विषयमा समय खेर फाल्ने हैन। अझ कांग्रेसजस्तो दलले यस्तो विषयमा जुहारी खेलेर बस्ने हैन। कोही कुनै घटनामा संलग्न छन् वा छैनन् भन्ने विषय सम्बन्धित निकायलाई जिम्मा दिने हो।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

# फ्रेन्चाइज प्रतियोगिताले फुटबलमा ल्याएको उत्साह



■ राजु सिलवाल

नेपालमा हाल 'ए' डिभिजनका फुटबल खेलाडीहरूले समेत आवश्यक प्रतियोगिता खेल्न नपाइरहेको स्थितिमा खेलाडीहरूको मनोबल बढाएर पलायन हुनसक्ने स्थिति रोक्न पनि प्रतियोगिताहरु निरन्तर आयोजना भइरहनु पर्दछ। यसपालि एनएसएल फुटबलमा खेलाडीहरूले एक महिनासम्म हासिल गरेको अनुभवको सकारात्मक प्रभाव छिट्टै देखिने छ। आगामी जेठमा हङकङमा हुने मैत्रीपूर्ण फुटबल खेलमा एनएसएल फुटबलमा मैदानमा उत्रेका केही खेलाडीहरूको पनि सहभागिता रहने छ।

नेपालमा लिग फुटबल नै आयोजना हुन नसकिरहेको वर्तमान अवस्थामा निजी क्षेत्रकोतर्फबाट सञ्चालन गरिएको फ्रेञ्चाइज फुटबल प्रतियोगिताले नेपाली फुटबल खेलाडीहरूलाई प्रतिभा प्रदर्शन गर्ने उचित अवसर दिएको छ। नेपाल स्पोर्टस् एण्ड इभेण्ट म्यानेजमेण्टद्वारा आयोजित नेपालकै सबैभन्दा पहिलो फेञ्चाइज खेलकुद प्रतियोगिताको तेस्रो संस्करण करिब एक महिनासम्म सञ्चालन भएको थियो।

मुलुकको फुटबलको विकासका लागि रहेको आधिकारिक संस्था अखिल नेपाल फुटबल संघले पूर्वघोषित नकआउट फुटबल प्रतियोगितासमेत गर्न नसकेको अवस्थामा मुलुकका विभिन्न सात जिल्लाको प्रतिनिधित्व रहेको एनएसएल फुटबल प्रतियोगिताको गत शनिबार सम्पन्न फाइनलमा ललितपुर सिटी फुटबल क्लबले पोखरा थण्डर्सलाई एक गोलकाविरूद्ध दुई गोल प्रहार गरी उपाधि रक्षा गर्न सफल भएको थियो। सो खेलको मध्यान्तरअघि समय समाप्त हुनु तीन मिनेटअघि ललितपुरका तर्फबाट नाइजेरियाका खेलाडी इमोह इजेकेले पहिलो गोल गरेका थिए। मध्यान्तरपछि ६३औं मिनेटमा पोखराका सुदील राईले गोल फर्काएर खेललाई बराबरको स्थिति बनाए पनि ७४औं मिनेटमा ललितपुरका लागि पापा इबोउ केबेले दोस्रो गोल गरेर अग्रता दिलाएका थिए।

गत वर्ष पनि विजेता रहेको ललितपुर टिमका कप्तान अनन्त तामाङले आफ्नो टिमलाई लगातार दोस्रोपटक उपाधि दिलाउन सफल भएका छन्। कप्तान तामाङ स्तरीय खेलाडीहरू रहेका पोखरा टिमले कडा प्रतिस्पर्धा गरेकाले फाइनल जित्न सजिलो नभएको बताउँछन्। यो प्रतियोगितामा इंग्ल्याण्डका प्रशिक्षक साइमन ग्रेसनको प्रशिक्षणमा ललितपुरले अपराजित टिमका रूपमा स्थापित हुन सफल भएको छ। पोखरा टिमका कप्तान आयुष घलानले सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै दुई लाख ५० हजार पुरस्कार जित्न सफल भएका छन्। उनले आगामी वर्ष राम्रो नतिजा ल्याउन आफ्नो टिमले प्रयास गर्ने धारणा व्यक्त गरे। पोखरा टिमका गोलकिपर गिलामो प्रिसोले पाँच खेलमा एक गोल पनि नखाएर एक लाख रूपैयाँको उत्कृष्ट गोलकिपर पुरस्कार जितेका थिए। प्रथम विजेता ललितपुर टिमका सन्तोष खत्रीलाई प्रतियोगिताको इमर्जिङ तथा मणिकुमार लामालाई इनरजेटिक खेलाडीका रूपमा जनही एक/एक लाख रूपैयाँ पुरस्कार प्रदान गरिएको थियो। प्रतियोगिता अवधिभर सर्वाधिक नौ गोल गर्न सफल धनगढी फुटबल क्लबका खेलाडी अहमद हिजानीलाई सर्वाधिक गोलकर्ताको पुरस्कार पाएका थिए।

प्रतियोगितामा छैटौं भएको झापा टिमले एउटै 'रेड कार्ड' नपाएर प्रतियोगिताको 'फेयर प्ले' पुरस्कार पाएको थियो। यस्तै नेपाली महिला राष्ट्रिय फुटबल टिमकी खेलाडी प्रीति राईलाई आयोजकले स्कुटर प्रदान गरेर प्रोत्साहित गरेको थियो।

पोखरा टिम प्रारम्भिक चरणमा दुई खेलमा पराजित भए पनि प्रशिक्षक सुमन श्रेष्ठले पछि क्रमश: खेलमा रणनीति परिवर्तन गर्दै टिमलाई फाइनलसम्म लैजान सफल भएका थिए। फाइनलमा पनि पोखराले प्रारम्भदेखि नै कडा चुनौती दिएको देखिएको थियो यसअघि लिग चरणमा पनि ललितपुरले पोखरा टिमलाई पराजित गरिसकेको थियो। 'अब खेल्छ नेपाल' नारा दिइएको एनएसएल प्रतियोगितामा नेपाली दर्शकहरूले नेपाली तथा विभिन्न देशमा व्यावसायिक फुटबल खेलिरहेका विदेशी खेलाडीको खेल हेर्ने अवसर पाएका थिए।

फाइनलको दिन दशरथ रंगशाला टन्नै भरिएको थियो। फुटबलप्रेमीहरूले टेलिभिजनको प्रत्यक्ष प्रसारणका साथै विभिन्न सामाजिक माध्यमबाटसमेत खेल हेरेका थिए। तर, प्रतियोगिता अवधिभर निर्धारित समयमा निर्णय हुन नसकी अतिरिक्त समय थप गरिएको तथा टाइब्रेकरबाट खेलको निर्णय भएको क्षण भने दर्शकहरूले अनुभव गर्नु परेन।

यस प्रतियोगितामा नेपाली खेलाडीहरूले एकैटिममा रहेर विदेशी खेलाडीहरूसँग खेल्ने मौका पाएका थिए। विदेशी प्रशिक्षक तथा खेलाडीहरूबाट नेपाली खेलाडीहरूले थप खेल कौशल सिक्न पाए जसको दुरगामी महत्त्व रहेको छ। विदेशमा रहेका नेपालीहरू तथा विदेशी खेलाडीहरूलाई समेत यो प्रतियोगिता नेपालप्रति आकर्षण गर्ने एउटा माध्यम बनेको छ। व्यावसायिक खेलको जग नबनिसकेको नेपालमा खेलाडीहरूलाई अक्सन गर्दै लाखौं पारिश्रमिक दिएर खेलाउनु, विभिन्न देशबाट करोडौं खर्च गरेर खेलाडीहरू आमन्त्रण गर्नु त्यति सहज छैन। प्रतियोगिताको आयोजनाका साथै विभिन्न क्लबका लागि निजी क्षेत्रका तर्फबाट गरिएको लगानीको प्रतिफल उठ्न अझै केही वर्ष धैर्य गर्नुपर्ने स्थिति रहेको देखिन्छ। तर यस्ता प्रतियोगिताको निरन्तरताले खेलकुद क्षेत्रलाई समृद्ध बनाउँदै लैजान सकिने छिमेकी मुलुकहरूमा भइरहेको खेल गतिविधिबाटै प्रस्ट हुन्छ।

नेपालको राष्ट्रिय फुटबल टिममा नरहेका खेलाडीहरूले अब एनएसएल फुटबल प्रतियोगिताका माध्यमबाट निकट भविष्यमा देशको प्रतिनिधित्व गर्ने अवसर पाउने निश्चित छ। नेपाली राष्ट्रिय फुटबल टिमका वर्तमान मुख्य प्रशिक्षक म्याट रस खेल हेर्न रंगशालामा उपस्थिति हुने गरेका थिए। नेपाली खेलाडीले यस प्रतियोगितामा गरेको खेल प्रदर्शनबाट उनीहरूले आगामी दिनमा विदेशका अन्य व्यावसायिक क्लबमासमेत खेल्न पाउने सम्भावनाको ढोका खुलेको छ।

#### करोडौंको पुरस्कार

एनएसएल फुटबलमा पुरस्कार मात्र करोडौं रूपैयाँ वितरण गरिएको थियो। प्रथम भएको टिमले ८० लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको थियो भने दोस्रो टिमलाई र ३० लाख रूपैयाँ प्रदान गरिएको थियो। अघिल्लो संस्करणभाभन्दा यसपटक प्रथम र दोस्रो भएको टिमको पुरस्कारमा १० लाख रूपैयाँ वृद्धि गरिएको थियो। अघिल्लो वर्ष प्रथम भएको टिमले ७० लाख र दोस्रो टिमले २० लाख रूपैयाँ पुरस्कार पाएको थियो। यसैगरी विभिन्न विधामा उत्कृष्ट भएका खेलाडीहरूलाई प्रदान गरिएको लाखौं नगद पुरस्कारले पनि प्रतियोगिताको बजेट बढ्न गएको थियो।

#### पहिलोपटक 'रेड कार्ड' खारेज

प्रतियोगिताअन्तर्गत भएका केही खेलमा विवाद पनि भएका थिए। फाइनलमासमेत प्रतिस्पर्धी टिमबीचको विवादले बिग्रन लागिसकेको स्थितिलाई भारतीय रेफ्री रामदशनले सम्हालेका थिए। धनगढी र ललितपुरबीचको खेल बढी विवादास्पद मानिएको थियो। खेलका क्रममा ललितपुर एफसीका मिडफिल्डर मणिकुमार लामालाई रेफ्रीले 'रेड कार्ड' देखाएर मैदानबाट निष्काशित गरेका थिए। तर अपिल गरिएपछि भएको छानबिनमा मणि निर्दोष देखिएपछि उनलाई दिइएको 'रेड कार्ड' खारेज गरी फाइनलमा खेल्न अनुमति दिइएको थियो।

नेपालको फुटबल इतिहासमा यसरी रेफ्रीले देखाइसकेको 'रेड कार्ड' खारेज गरिएको यो पहिलो हो। प्रतियोगिताकै दौरानमा म्याच डाइरेक्टर र रेफ्रीलाई समेत हातपातको प्रयाससमेत हुनु सामान्य घटना होइन। अनुशासनकै कारण पोखरा टिमलाई आयोजक समितिका तर्फबाट ५० हजार रूपैयाँ जरिवानासमेत गरिएको थियो। श्रम स्वीकृति नभएका खेलाडीलाई खेलाइएकामा विरोध गरिँदा खेल १८ मिनेट ढिलो सुरू भएको जस्ता घटना पनि प्रतियोगितामा भएका थिए।

#### विश्वप्रसिद्ध फुटबलरको उपस्थिति

एनएसएल फुटबलका सिलसिलामा विश्वमै चर्चित मानिएका ब्राजिलका फुटबलका हस्ती रोबर्टो कार्लोसको नेपाल आगमनले पनि नेपाली खेलाडी तथा फुटबलप्रेमीहरूको उत्साह थपेको थियो। उनको नेपाल भ्रमण दुई दिनको मात्र भएता पनि नेपालको फुटबल इतिहासमा महत्त्वपूर्ण मानिएको छ। उनको भ्रमणका माध्यमबाट नेपालको विश्वमा प्रचार भएको छ। उनले ढाका टोपी लगाएर खिचेको फोटोलाई विभिन्न सञ्चारमाध्यमले प्रकाशित गरेका थिए। दशरथ रंगशालामा रोबर्टो कार्लोसले प्रहार गरेको फ्रि किकले सबैलाई रोमाञ्चित गरिदिएको थियो। अझ खुसीको कुरो ललितपुर एफसीका गोलकिपर सुमित श्रेष्ठले ब्राजिलका विश्वकप विजेता फुटबल टिमका हस्ती कार्लोसले प्रहार गरेको पहिलो फ्रि किक नै गोल हुनबाट जोगाएर प्रशंसा बटुलेका थिए। फ्रि किक प्रहारका क्रममा कार्लोसले दुई गोल गरेका थिए भने उनको केही प्रहार बाहिर गएको थियो।


ब्राजिलका रोबर्टो कार्लोसले विश्वकै उत्कृष्ट लेफ्ट ब्याकको परिचय बनाउन सफल भएका थिए। सन् १९९८ को विश्वकपको उपविजेता तथा सन् २००२ को विश्वकप विजेता टिमका सशक्त खेलाडी रहेका उनले ब्राजिलको राष्ट्रिय टिमका तर्फबाट १२५ भन्दा बढी खेल खेलेका थिए। रियल म्याड्रिड टिमलाई विभिन्न उपाधि दिलाउन उनको प्रमुख योगदान रहेको थियो। तर यस्तो विश्वविख्यात खेलाडीको दशरथ रंगशालामा उपस्थिति हुँदा पनि रंगशालामा दर्शकहरू उल्लेख्य उपस्थिति नहुनुलाई दुःखद् मान्न सकिन्छ।

विश्वमा कोभिडको प्रकोप भई खेल गतिविधि शून्य भएको अवस्थामा पनि एनएसएल फुटबल प्रतियोगिता आयोजना गरेर आयोजकहरूले प्रशंसनीय कार्य गरेका थिए। नेपालमा फुटबलबाट सुरू भएको फ्रेञ्चाइज प्रतियोगिताहरू क्रिकेट, भलिबल, कबड्डीलगायत खेलहरूमा विस्तार भइसकेको छ। नेपालमा खेलकुद गतिविधि विस्तार गर्न यस्ता प्रतियोगिताको महत्त्वपूर्ण भूमिका हुने गर्दछ। तर हालसम्मको स्थितिलाई मूल्यांकन गर्दा खेलकुदमा लगानी गर्ने निजी क्षेत्रले अझै केही वर्ष धैर्य गर्नुपर्ने स्थिति देखिएको छ।

नेपालमा खेलकुदको बजार सीमित भएकाले तत्कालका लागि प्रतिफल आइहाल्ने स्थिति देखिँदैन। यस्ता प्रतियोगिता अझै धेरै आवश्यक भएको स्वयं खेलाडीहरूले बताएका छन्। नेपालमा हाल 'ए' डिभिजनका फुटबल खेलाडीहरूले समेत आवश्यक प्रतियोगिता खेल्न नपाइरहेको स्थितिमा खेलाडीहरूको मनोबल बढाएर पलायन हुनसक्ने स्थिति रोक्न पनि प्रतियोगिताहरू निरन्तर आयोजना भइरहनु पर्दछ। यसपालि एनएसएल फुटबलमा खेलाडीहरूले एक महिनासम्म हासिल गरेको अनुभवको सकारात्मक प्रभाव छिट्टै देखिने छ। आगामी जेठमा हङकङमा हुने मैत्रीपूर्ण फुटबल खेलमा एनएसएल फुटबलमा मैदानमा उत्रेका केही खेलाडीहरूको पनि सहभागिता रहने छ।

सरकारको प्रयासमा मात्र मुलुकको खेलकुद विकास असम्भव भएकाले उत्साहका साथ प्रतियोगिता आयोजनाका साथै टिम सञ्चालनमा सक्रिय भइरहेको निजी क्षेत्रलाई यथाशक्य प्रोत्साहित गर्न राष्ट्रिय खेलकुद परिषद्, अखिल नेपाल फुटबल संघजस्ता संस्थाले उचित योजना नै बनाउनु जरूरी देखिएको छ। आयोजकले पनि एनएसएल फुटबलका तीनवटा प्रतियोगिता राजधानीमै केन्द्रित गरिसकेपछि अब आगामी वर्षका प्रतियोगिता बाहिरी जिल्लामा पनि विस्तार गर्नसके मोफसलमा छरिएर रहेका प्रतिभाशाली खेलाडीहरूका साथै फुटबलप्रेमीहरू लाभान्वित हुनजाने कुरामा विश्वस्त हुन सकिन्छ। *रासस*

# व्यवस्थासँगै जनताको अवस्था पनि फेरिएको छ



■ नारायणदत्त मिश्र

प्रतिनिधिसभाका समानुपातिक सांसदले समेत राष्ट्रिय सभाका सदस्यलाई हेर्ने दृष्टिकोण केही फरक पाएको छु। जबकि राष्ट्रिय सभाका सदस्यहरू पनि प्रदेश र स्थानीय तहका जनप्रतिनिधिबाटै निर्वाचित भएर आएका हुन्छन्। राष्ट्रिय सभाको महत्त्वलाई कमजोर बनाउने प्रयत्न गर्नु ठीक होइन। मेरो विचारमा राष्ट्रपति र प्रधानमन्त्री हुने र चुन्ने अधिकार पनि राष्ट्रिय सभाका सदस्यलाई हुनुपर्छ, यस्तो संवैधानिक व्यवस्था गर्नुपर्छ। प्रतिनिधिसभाका केही सांसदले राष्ट्रिय सभाका सन्दर्भमा दिएका अभिव्यक्ति शोभनीय छैनन्। राष्ट्रिय सभाको महत्त्व, काम र गरिमाका सन्दर्भमा भइरहेका गलत टिप्पणी खेदजन्य छन्। प्रतिनिधिसभामा जनताका सवाल जति उठेका छन्, राष्ट्रिय सभामा पनि त्यति नै उठाइएका छन्।

संविधानमा गरिएका कतिपय व्यवस्था महत्त्वाकांक्षी पनि छन्। संविधानमा लेखिएका सबै कुरा तत्कालै कार्यान्वयन हुन्छ जस्तो मलाई लाग्दैन, र त्यो सम्भव पनि छैन। संविधान दूरदृष्टियुक्त दस्तावेज भए पनि कार्यान्वयन गर्न सकिने विषयलाई मात्र समेट्न सकेको भए अहिले जटिलता आउने थिएन। अहिले हामी संविधान सम्भावित संशोधनको छलफलमा जुटेका छौं। तर यस्तो संशोधनका लागि कम्तीमा संसद्मा रहेका अधिकारिक राजनीतिक दलहरूको सहमति आवश्यक छ। के बुझ्नुपर्दछ भने संविधान संशोधन सरकारले चाहेर मात्रै हुँदैन। संविधान कुन विषयमा संशोधन गर्ने हो, त्यो विषयमा सरकार प्रस्ट हुनुपर्छ। राजनीतिक दल प्रस्ट हुनुपर्छ। त्यसपछि जनताको राय पनि लिनुपर्छ। जनताले नचाहेसम्म संविधान संशोधन हुँदैन। संविधान संशोधनमा सर्वोपरि भूमिका जनताको हुन्छ। उनीहरूको इच्छाविपरीत संविधान संशोधन गर्नु हुँदैन।

मलाई लाग्छ सरकारले अहिले सुशासन कायम गर्नेतर्फ राम्रैसँग काम गरिरहेको छ। संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारले जनतालाई सेवा दिइरहेका छन्। भ्रष्टाचारमा शून्य सहनशीलता कायम राखेको पनि छ।

हामीले २०४६ साल वा २०६२/६३ सालमा गरेको आन्दोलन लोकतान्त्रिक गणतन्त्रका निम्ति गरेको हो। लोकतान्त्रिक गणतन्त्रमा रहेका व्यवस्था कार्यान्वयन गर्नका लागि एकले अर्कालाई अवरोध पुऱ्याउनु हुँदैन। स्थानीय र प्रदेश सरकारलाई आफ्नै तरिकाले चल्न दिनुपर्छ। त्यसलाई संघीय सरकारले हस्तक्षेप गर्नु हुँदैन। अर्को कुरा, स्थानीय र प्रदेश सरकारलाई संविधानले दिएको अधिकार हस्तान्तरण गर्नुपर्छ। त्योसँगै स्थानीय र प्रदेश सरकारले आत्मनिर्भर हुन सिक्नुपर्छ। बजेटका लागि केवल संघीय सरकारको मुख ताक्नु हुँदैन। स्थानीय स्रोत साधनबाटै स्थानीय सरकार बलियो बन्नुपर्छ। स्थानीय तहमा हुने सानातिना कामका लागि संघीय सरकारको भर पर्नु हुँदैन।

देशको व्यवस्था फेरियो, अवस्था उस्तै छ भन्नेहरूले देशलाई भड्खालोमा हाल्न खोज्दै छन्। देशको व्यवस्था फेरिएसँगै जनताको अवस्था पनि फेरिएको छ। पहिला मेरो गाउँमा साइकल चढ्ने हैसियत नभएका कयौं मानिस अहिले मोटरसाइकल, गाडी चढ्ने भएका छन्। यो जनताको अवस्थामा आएको परिवर्तन हो। एउटा सामान्य सिटामोल किन्न पनि धेरै टाढा जानुपर्ने हुन्थ्यो। अहिले गाउँगाउँमा, वडावडामा स्वास्थ्य चौकी छन्, र तिनमा विशेषज्ञ स्वास्थ्यकर्मी भेटिने अवस्था बनेको छ। केही वर्षअघिसम्म पनि यो अवस्था थिएन। अहिले टोलटोलमा विद्यालय पुगेका छन्। प्रत्येक टोलमा इन्टरनेट सेवा पुगेको छ। गाउँका मानिसले गाउँमै बसेर संसार हेर्न पाइरहेको छ। गाउँमा उत्पादित वस्तु गाउँमै बिक्री गर्न सक्ने अवस्था आएको छ। हो, हामीले शिक्षा, शिक्षाको गुणस्तर कायम गर्न सकेका छैनौं, त्यसलाई सुधार गरेर लैजानुपर्छ। जनताको अवस्था परिवर्तन भएको छैन भन्न मिल्दैन।

युवा शक्तिलाई देशभित्रै राख्न त्यति सजिलो कुरा होइन। हामीले युवालाई कृषिसँग जोड्न सकेका छैनौं। उत्पादन बढाउन सकेका छैनौं। देशमा उद्योग, कलकारखाना पर्याप्त संख्यामा खोल्न सकेका छैनौं। हामीले चाहेको खण्डमा कृषिबाटै विदेसिएका युवालाई रोक्न सक्छौं। त्यतातिर सबैको ध्यान जानुपर्दछ। कृषिमा लगानी गर्न सके धेरै युवालाई नेपालमै रोक्न सकिन्छ।

सरकारले ज्येष्ठ नागरिकका लागि समयअनुसार भत्ता बढाउनुपर्छ। राज्यले उनीहरूको सम्मान गर्नुपर्छ। उनीहरूको अनुभवको कदर गर्नुपर्छ। ज्येष्ठ नागरिकको नि:शुल्क उपचारको व्यवस्था गर्नुपर्छ। ज्येष्ठ नागरिकका लागि व्यवस्था गरिएको वृद्धाश्रम सुविधासम्पन्न हुनुपर्छ। किनभने यो सुविधा सबैका लागि हो।

विकासका लागि राजनीतिक दलहरू मिल्नुको विकल्प छैन। हिजो राजतन्त्र फाल्नका लागि जसरी राजनीतिक दलहरू मिलेर सडकमा आएका थिए अब त्यसैगरी देशको विकास गर्नका लागि सबै दल एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन। सधैंभरि राजनीतिक खिचातानी गर्नु हुँदैन। संविधान जारी गर्दा जस्तै विकासमा पनि दलहरूले सहमति गरेर अगाडि बढ्नुपर्छ।

*(राष्ट्रिय सभा सदस्य मिश्रसँग राससले गरेको कुराकानीमा आधारित)*



**मुक्तिनाथमा दर्शनार्थीको घुइँचो** | हिन्दू तथा बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र मुक्तिनाथ मन्दिरमा आइतबार मातातीर्थ औंसीको दिन देखिएको श्रद्धालु भक्तजनहरूको भीडभाड ।
*तस्बिरः सुशीलबाबु थकाली/रासस*

# छ बुँदे घोषणापत्र जारी गर्दै सकियो अन्तर्राष्ट्रिय सम्मेलन

■ **प्रभाव संवाददाता**

**लुम्बिनी–** बौद्ध दर्शन र शिक्षाको प्रसारमा ऐतिहासिक योगदान पुर्‍याउने व्यक्तिहरूको विषयमा अनुसन्धान र प्रवर्द्धन गर्ने घोषणा गरिएको छ । लुम्बिनीमा आयोजित 'वान बेल्ट वान रोड' नेपाल-चीन बौद्ध सांस्कृतिक सेमिनार समापन कार्यक्रममा आइतबार यस्तो घोषणा गरिएको हो ।

बौद्ध कला र संस्कृतिको गहन अनुसन्धानलगायत कार्य गर्ने प्रतिबद्धतासहित छ बुँदे घोषणापत्र जारी गर्दै सम्मेलन सम्पन्न भएको छ । लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार डा. तिलकराम आचार्य र चीनको संस्कृति प्रवर्द्धन सोसाइटीका उपाध्यक्ष छन् होंग छ्याङले संयुक्तरूपमा घोषणापत्र जारी गरे ।




बुद्धभद्र, अरनिको, भृकुटी, फाहियान, ह्वेनसाङ, मञ्जुश्रीबारे अनुसन्धान र प्रवर्द्धनमा विशेष जोड दिने घोषणामा उल्लेख छ । प्रधानमन्त्री एवं बौद्ध विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीको सन् २०२४ मा भएको चीन भ्रमणका अवसरमा भएका सम्झौता र धारणाबमोजिम दुई देशको सम्बन्धलाई सुदृढ बनाउने घोषणापत्रमा जनाइएको छ ।

यस्तै, बौद्ध अध्ययन, पुरातत्त्व र संस्कृतिको संरक्षणमा प्राज्ञिक अनुसन्धान गर्न लुम्बिनी बौद्ध विश्वविद्यालयमा फासियान ह्वेनसाङ छात्रवृत्ति कोष स्थापना गर्न चिनियाँ पक्षबाट ३८ लाख रूपैयाँ हस्तान्तरण गरिएको छ ।

लुम्बिनीको महत्त्वलाई मध्यनजर गर्दै बौद्ध कूटनीति र पर्यटन विकासमा जोड दिने, प्राचिक बौद्ध सम्पदाहरूको संरक्षण र प्रवर्द्धनका गर्दै बौद्ध परम्परागत चिकित्सा पद्धतिको विकास र सम्बर्द्धन गर्ने सेमिनारले निचोड निकालेको छ । 'वान बेल्ट वान रोड' को आधारमा बौद्ध कला र संस्कृतिमा गहन शैक्षिक र सांस्कृति आदानप्रदान गर्नेसमेत घोषणा गरिएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको आयोजना र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोष, सारिपुत्र फाउण्डेसन, चीनको वर्ल्ड एलायन्स फर बुद्धिष्ट कल्चरल एक्सचेञ्ज लिमिटेड र विचो पिस क्यालिग्राफी एण्ड पेइनिङ एकेडेमीको सहकार्यमा सेमिनार आयोजना गरिएको थियो ।

दुईदिने सेमिनारमा बौद्ध संस्कृति, चिनियाँ संस्कृति, कला, परम्परागत बौद्ध चिकित्सा तथा बौद्ध शिक्षामा केन्द्रित रहेर विभिन्न ४० वटा कार्यपत्र प्रस्तुत गरिएका संयोजक डा. सागर न्यौपानेले जानकारी दिए ।

# बाढीसम्बन्धी सूचनाले सुरक्षित तालगाउँ

**मनाङ–** नासौँ गाउँपालिका-१ तालगाउँमा मर्स्याङ्दी नदी तटीय क्षेत्रका बासिन्दालाई प्राकृतिक विपद्बाट बचाउन मानव विकास तथा सामुदायिक सेवा केन्द्र (एचडिसिएस) ले बाढीसम्बन्धी सूचना दिने साइरन जडान गरेको छ। गाउँपालिका र एचडिसिएसको सहकार्यमा २६ लाख रूपैयाँको लागतमा तालगाउँमा साइरन जडान गरेपछि स्थानीय विपद्बाट बच्ने भन्दै खुसी भएका छन् ।

२०७८ असार १ मा मनाङमा भीषण वर्षा भयो । वर्षासँगै आएको बाढीले मर्स्याङ्दी नदी किनारका कयौं स्थानीयलाई घरबारविहीन बनायो । बाढीले क्षतिग्रस्त भएपछि लामो समयसम्म गाउँले पालमुनि बस्न बाध्य भएका थिए ।

बाढीले सबैभन्दा बढी नासौँ गाउँपालिका-१ ताल गाउँमा क्षति पुर्‍याएको थियो । नासौँ-१ का वडाध्यक्ष मीनरासी गुरुङका अनुसार तालगाउँमा ६३ परिवार छन् । मर्स्याङ्दी नदी किनारसँगैको बस्ती भएकाले यहाँका अधिकांश घरमा बाढी पसेको थियो । पटक-पटक बाढी आउँदा लाखौंको धनमाल गुमाएका तालगाउँवासीले अब विपद् आउनुपूर्व सूचना पाउने भएपछि खुसी भएका हुन् ।

वडाध्यक्ष गुरुङले साइरन जडानपछि वर्षाको समयमा गाउँले ढुक्कसँग निदाउन पाउने भएको भन्दै खुसी व्यक्त गरे । लमजुङसँग सीमा जोडिएको तालगाउँलाई विपद्बाट जोगाउन पूर्वसूचना दिने साइरन जडान गरिएको एचडिसीएसकी मनोसामाजिक परामर्शदाता शोभा ठकुरीले जानकारी दिइन् । उनका अनुसार नासौँ-८ को धारापानीमा राखिएको एक यन्त्रले मर्स्याङ्दी नदीमा पानीको सतह मापन गर्ने छ ।

स्वचालित उक्त यन्त्रले मर्स्याङ्दी नदीमा खतराको सतह पार गरेको संकेत गर्नासाथ साइरन बज्न थाल्ने ठकुरीले बताइन् । साइरन तालगाउँभरि सुनिने गरी राखिएको छ । साइर नसँगै खतराको संकेतको सूचना मोबाइल एसएमएसबाट पनि जाने प्रबन्ध गरिएको उनले उल्लेख गरिन् ।

यदि विद्युत् आपूर्ति बन्द भएमा, इन्टरनेट बन्द भएमा पनि कटुवालमार्फत खतर ासम्बन्धी सूचना गाउँलेले थाहा पाउने छन् । स्थानीय सुरक्षित स्थानतर्फ जानसक्ने प्रबन्ध गरिएको ठकुरीले जानकारी जानकारी दिइन् । सुरक्षित स्थानका लागि स्थानीय फुटबल खेल मैदानलाई प्रयोग गर्नेगरी स्थानीय गाउँमा रहेको मर्स्याङ्दी युवा क्लबसँग समन्वय गरिएको छ । यसअघिको डुबानका बेलामा पनि उक्त ठाउँमा पानी सतह पुग्न सकेको थिएन ।

साइरन जडानपछि स्थानीय जनप्रतिनिधि, आमा समूह, युवा क्लबका पदाधिकारी, प्रहरी र स्वास्थ्य चौकी तथा स्थानीय बासिन्दालाई एक दिने प्राथमिक मनोसामाजिक सहयोगसम्बन्धी तालिम पनि दिइएको थियो । *रासस*

# जग्गाको पुर्जा पाएपछि धार्चेका भूमिहीन दलित परिवार खुसी

**गोरखा–** धार्चे गाउँपालिकाले भूमिहीन दलित परिवारलाई शनिबार जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गरेको छ । गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले भूमि समस्या समाधान आयोग जिल्ला समितिमार्फत भूमिहीन दलित परिवारलाई लालपुर्जा उपलब्ध गराइएको जानकारी दिए । मंगले विक, राजु विक, आइतसिंह कामी र रामबहादुर कामीलाई जग्गाको पुर्जा प्रदान गरिएको हो ।

२०८० चैतमा नै गाउँपालिकाले आयोगसँग समन्वय गरी भूमिहीन दलितलाई पुर्जा वितरणको अन्तिम तयारी गरेको भए पनि सरकारले तत्कालीन आयोग खारेज गरेपछि पुर्जा वितरणको काम झण्डै डेढ वर्षदेखि रोकिँदै आएको थियो। गाउँपालिकामा भूमिहीन सुकुम्बासीको भने कुनै निवेदन नपरेको गाउँपालिकाका अध्यक्ष गुरुङको भनाइ छ। धार्चेमा अव्यवस्थित बसोबासी भने २५० भन्दा बढीको निवेदन परेको र उनीहरूलाई जग्गाधनी पुर्जा उपलब्ध गराउनका निम्ति आवश्यक प्रक्रिया अघि बढाएको जनाइएको छ।

गण्डकी प्रदेशसभाका सदस्य नन्दप्रसाद न्यौपानेले दलित पविारलाई पुर्जा हस्तान्तरण गरेका हुन् । २०७९ असारमा आयोगसँग गोरखाका ११ स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन प्रक्रिया अगाडि बढाउने सहमति गरेका थिए । वर्षौंपछि आफूले खेतीपाती गर्दै आएको जग्गाको पुर्जा पाएपछि धार्चेका भूमिहीन दलित परिवार खुसी भएका छन् । 'आफ्नो नाममा जग्गाको पुर्जा नपाई मरिन्छ कि भन्ने लागेको थियो' । *रासस*


**Bedkot Municipality**
**Office of Municipal Executive**
**Sisaiya, Kanchanpur**
**Sudurpakshim Province, Nepal**

## Invitation For Bids

**Date Of Publication: 2082/01/15 ( 28-Apr-2025)**

1. Bedkot Municipality, Office of Municipal Executive, Kanchanpur invites E-bid for Tender for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount Without VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | 22/NCB/ BTR/2081/082 | Bauddha Gumba dekhi Siddha Baijanath Samudayik Ban Hudai Thakurifata janeSadak Kalopatre garne karya, Bedkot-4, Kanchanpur | 90 days | 6,634,106.46 | 190,000.00 | 3000.00 |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 2082/02/14 ( 28-May-2025) (upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | 2082/02/14 ( 28-May-2025) ; at 1:00 PM, At Bedkot Municipality Office, Kanchanpur |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | NIC Asia ,Daijee ,GA1.1-ANTARIK RAJASHWA KHATA -BEDKOT NAGARPALIKA-1852050028240002 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Name of the Bank: NIC Asia Bank, Daijee, Kanchanpur<br>Name of Office: Bedkot Municipality, Kanchanpur<br>Office Account No. : I5CA052423252403 (Dharauti Khata) |

2. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Bedkot Municipality Office, Kanchanpur Contact No: 099-413121
3. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**



**युएईमा रोजगार** कम्पनी : FALA ASPHALT INDUSTRY LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१४ LT. No. 309450 चलानी नं. ६०२२४०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Const. Carpenter | 25 | 0 | 1300 | ४७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 77 | 0 | 1300 | ४७,८५० | | | | | | | |
| 3 | Mason (Block, Plaster,Ceramic) | 24 | 0 | 1200 | ४४,१७० | | | | | | | |
| 4 | Pipefitter | 25 | 0 | 1100 | ४०,४९० | | | | | | | |
| 5 | Steel Fixer (Semi-Skilled) | 25 | 0 | 1200 | ४४,१७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**साउदीमा रोजगार** कम्पनी : Al Mawarid Human Resources

पूर्व स्वीकृति मिति : २०८२/०१/१० LT. No. 322348 चलानी नं.६०२३६५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FISH FARM WORKER | 3 | 0 | 1000 | ३६,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 16 | 0 | 1000 | ३६,४०५ | | | | | | | |

कम्पनी : Abdul Malik Abdul Aziz Bin Abdul Karim Al-Anzi Restaurants for Providing meals

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ LT. No. 322034 चलानी नं.६०२३६१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ५०,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



**मलेसिया/युएइमा रोजगार** कम्पनी : ALLSAFE GUARDS SDM BHAD

पूर्व स्वीकृति मिति : २०८२/०१/१४ LT. 322687 चलानी नं. ६०२३६७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BENSON ALOYSIUS CONTCRETE CARPENTER CONT.

पूर्व स्वीकृति मिति : २०८२/०१/१४ LT. 322685 चलानी नं. ६०२३६७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL STEEL FIXER | 40 | 0 | 1200 | ४४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 40 | 0 | 1000 | ३७,१८० | | | | | | | |
| 3 | Mason (Nepal) | 80 | 0 | 1200 | ४४,६१५ | | | | | | | |
| 4 | Shattering Carpenter | 40 | 0 | 1200 | ४४,६१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9801446242-Janak (Jhapa)
श्रम ईजाजत नं. २८२/०५८/०५९



**साउदी/मलेसियामा रोजगार** कम्पनी : C.A.T. International Company Limited

पूर्व स्वीकृति मिति : २०८२/०१/११ LT. No. 322543 चलानी नं. ६०२३६५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 25 | 0 | 1000 | ३६,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BIG PHARMACY HEALTHCARE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१५ LT. No. 322733 चलानी नं. ६०२३६७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 111 | 0 | 1700 | ५३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २२ गते (5th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

## रूपशाला

### चलचित्र 'एक्लो' पोस्टरमा दिया पुन

नेपाली फिचर फिल्म 'एक्लो' को पोस्टर सार्वजनिक गरिएको छ । अभिनेत्री दिया पुनको क्यारेक्टर झल्किने पोस्टर आइतबार मातातीर्थ औंसीको अवसर पारेर सार्वजनिक गरिएको हो । साइन्स फिक्सनमा आधारित रहेर निर्माण भइरहेको फिल्मको पोस्टरमा दियाको नाम एस्ट्रोनट पुन छ । फिल्मका निर्देशक प्रदीप शाही हुन् । लामो समयदेखि बेलायत बस्दै आएका शाहीले 'एक्लो' लाई हलिउडस्तरको फिल्म बनाउने बताएका छन् ।






# महजोडीले पार गरे
# सहकार्यको ४५ वर्ष

**काठमाडौं–** 'महजोडी' अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । नेपाली रंगमञ्चमा महजोडीका नामले स्थापित उनीहरू 'एकै रथका दुई पांग्रा'का रूपमा सहकार्य गरिरहेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रंगमञ्चहरूमा प्रहसन, टिभी शृंखलाको निर्माण गर्दै आमदर्शकको मन जित्न सफल वरिष्ठ कलाकर्मी श्रेष्ठ र आचार्य नेपाली समाजमा उदाहरणीय एवं अनुकरणीय व्यक्तित्वका रूपमा परिचित छन् । महजोडीका रूपमा उनीहरूको सहकार्यले आइतबार वैशाख १४ गते ४५ वर्ष पूरा भएको छ । करिब आधा दशकसम्म निरन्तररूपमा जोडी बनेर दर्शकको मन जित्नसक्नु र आफ्ना लागि एउटा सम्मानित पहिचान स्थापित गर्नसक्नु नै उनीहरू दुईको इमान्दारिताको उदाहरण हो ।

यो ४५ वर्षको सहकार्यमा महजोडी बनेर काम गर्दा दुवै कलाकारले नामसँगै दाम पनि कमाए । तर, जति लाभ हुन्छ, त्यति नै लोभ बढ्ने सम्भावना पनि हुन्छ । यसको प्रभाव पनि यो जोडीले हावी हुन दिएनन् । फलतः सहकार्यको झण्डै आधा दशक कला साधनामा समर्पित भई दर्शकसहित आमनेपालीको मन जित्न महजोडी सफल भएको देखिन्छ ।

यसै सन्दर्भमा अभिनेता आचार्यले आफूलाई भाग्यमानी पुस्ताका रूपमा बुझेका छन् । किनकि कलाकारिताको दौरानमा उनीहरूले प्रविधिगत र राजनीतिक धेरै परिवर्तनलाई नजिकबाट बुझ्न पाए । 'हामीले रंगमञ्चमा प्रहना गर्‍यौं, क्यासेट बनायौं, टेलिभिजनका लागि शृंखला बनायौं, चलचित्रमा पनि काम गरायौं, त्यसकारण पनि म र मदन दाइ भाग्यमानी पुस्ता बन्न पुग्यौं । हामीले सबै माध्यममार्फत आफ्नो कामलाई देखाउने मौका पायौं । अहिले पनि हामीले पुराना कामलाई अत्याधुनिक प्रविधिमा रूपान्तरण गरेर 'डिजिटल' रूपमा उपलब्ध गराएका छौं,' अभिनेता आचार्यले भने ।

उनले महजोडीले यो यात्रा पार गर्नुमा आपसी सम्बन्ध, पारिवारिक हार्दिकता र दर्शकको माया रहेको बताए । 'दर्शकले हामीलाई एकसाथ हेर्ने इच्छा नराख्नुभएको भए हामीले यत्रो यात्रा पार गर्न सम्भव थिएन । अनि हामीलाई परिवारले सधैं सहयोग गरेर अगाडि बढ्न मद्दत गर्‍यो । हाम्रो सम्बन्धमा उनीहरू हावी भएनन् । यसका साथै हामीले गरिरहेको कामले दुवै नाम दियो, एउटा स्थान बनायो । एकअर्कासँग कहले आरिस (इगो) राखेनौं, सधैं दर्शकको भावनाअनुरूप प्रस्तुत भइरहचौं,' अभिनेता आचार्यले भने ।

यसैगरी अभिनेता श्रेष्ठले मिलेर काम गरेमा त्यसले सफलता दिने बताए । उमेरका हिसाबले ७५ वर्ष पुगेका अभिनेता श्रेष्ठले चलचित्रसहित विज्ञापनमा अझै सक्रिय भई काम गरिरहेका छन् । उनले कामका सिलसिलामा कहिले त्यसको लाभ-हानि हाबी हुन् नदिएको बताए ।

उनले भने, 'हामी कहिले पैसाको पछाडि लागेनौं, काममै केन्द्रित भयौं । त्यसले हामीलाई नाम र दाम दुवै दियो । फेरि दुवैको नाम र काम एउटै छ, त्यसकारण पनि हामीले सोच्नुपर्ने केही थिएन । हामीमा इमान्दारिता छ, सद्भाव छ, सदैव एकअर्काको राम्रो भएको हेर्न र सुन्न चाहन्छौं, त्यसैले यति लामो समयसम्म महजोडीका रूपमा यात्रा तय गर्न सकेका हौं ।'

> यो ४५ वर्षको सहकार्यमा महजोडी बनेर काम गर्दा दुवै कलाकारले नामसँगै दाम पनि कमाए । तर, जति लाभ हुन्छ, त्यति नै लोभ बढ्ने सम्भावना पनि हुन्छ । यसको प्रभाव पनि यो जोडीले हावी हुन दिएनन् । फलतः सहकार्यको झण्डै आधा दशक कला साधनामा समर्पित भई दर्शकसहित आमनेपालीको मन जित्न महजोडी सफल भएको देखिन्छ ।



उनले स्वास्थ्यले साथ दिएसम्म आफूहरू एकसाथ काम गरिरहने बताए । पछिल्लो समय दुवै जनाले एकसाथ चलचित्र 'महापुरुष' मा काम गरेका थिए । त्यसपछि अभिनेता आचार्यले 'महाजात्रा,' 'भूठान' र 'हरिबहादुरको जुत्ता' मा अभिनय गरिसकेका छन् । यस्तै अभिनेता श्रेष्ठले पनि 'पहाड' र 'परान' नामक चलचित्रमा काम गरेका छन् । छुट्टिएर चलचित्रको छायांकन गर्दा होस् वा भोजमा, जहाँ जाँदा पनि एकलाई देखेपछि अर्कालाई खोज्नु स्वाभाविक छ । 'मलाई हरिजी खोइ भनेर सोध्नुभयो भने यही त छन् नि, म भित्रै छन् भनेर भन्ने गरेको छु । कार्यक्रममा मात्र होइन चलचित्रको छायांकनमा पनि सोधिरहनुहुन्छ,' अभिनेता श्रेष्ठले भने ।

उनी दुईको कम्पनी 'मह सञ्चार'मा २०६० सालदेखि जोडिएका निर्देशक प्रदीप भट्टराई पारिवारिक सदस्यझैँ देखिन्छन् । सामान्य सहयोगीका रूपमा शृंखलामा काम गर्न जोडिएका निर्देशक भट्टराईले धेरै शृंखलामा मुख्यसहायक निर्देशक र केही शृंखलामा निर्देशक नै भएर काम गरे । चलचित्रकै सन्दर्भमा 'शत्रु गते' र 'महापुरुष' मा महजोडीलाई निर्देशक भट्टराईले निर्देशन गरेका छन् ।

'उहाँ दुई मेरा लागि जीवित भगवान्झैँ हुनुहुन्छ । उहाँहरूको कर्म जस्तो छ, व्यवहार पनि त्यस्तै छ । मलाई त कर्म सिकाउने गुरू नै उहाँहरू हुनहुन्छ, मैले जे भने पनि उनीहरूका लागि शब्द कम नै हुन्छ, मलाई एउटा छोराकै रूपमा माया गर्नुहुन्छ,' निर्देशक भट्टराईले भने ।

महजोडी एकसाथ नदेखिँदा सधैं प्रश्न गर्ने गरिएको निर्देशक भट्टराईले देखे/सुनेका छन् । टेली शृंखलामा काम गर्दा होस् वा चलचित्रमा दुई एकसाथ नदेखिँदा प्रश्न तेर्सिनु स्वाभाविक हो । र, उनले महजोडीलाई 'दुईमै एक र एकमै दुई' देखेका छन् । जहाँ 'म' त्यहाँ 'ह' पनि हुने बुझाइ निर्देशक भट्टराईको छ । त्यसकारण महजोडीलाई शीर्ष भूमिकामा लिएर गज्जबको चलचित्र बनाउने रहर उनको छ ।

'उहाँहरूको क्षमतासँग म नजिकदेखि परिचित छु, त्यसैले एउटा गज्जबको चलचित्र बनाउने रहर छ । कथा पनि सोचिरहेको छु, किनकि उहाँहरूप्रति दर्शकको अपेक्षा बढेको छ, म आफैं पनि अभिनय गराउनकै लागि गराउने पक्षमा छैन । त्यसकारण उहाँहरूलाई पर्दामा देखाउन पाउँदा म पनि दर्शकझैँ खुसी हुन्छु,' निर्देशक भट्टराईले भने ।

हास्य कलाकारका रूपमा चिनिएका महजोडी अहिले आफूलाई फरक भूमिकामा प्रस्तुत गरिरहेका छन् । अभिनेता आचार्यले अभिनय गरेको 'भूठान' मा एक दृश्यमा मात्र हाँसेको देख्न पाइन्छ । 'बलिदान' पछि पूर्णतया गम्भीर भूमिकामा अभिनेता आचार्य प्रस्तुत भएका छन् । यसअगाडि अभिनेतामा हुने नवरसमध्ये हास्यरस हावी हुँदा उनीहरू हास्य कलाकारका रूपमा बढी प्रस्तुत भएका निर्देशक भट्टराईले बताए ।

'उहाँ दुई नै पूर्ण कलाकार हुनुहुन्छ । हामीले शृंखलामै केही फरक र भिन्न काम गरेका छौं । मैले उहाँहरूमा अभिनेतामा हुने सबै गुणलाई देखेको थिएँ, त्यही भएर नै 'महापुरुष' चलचित्रमा केही भिन्न रूपमा प्रस्तुत गरेँ । अहिले दर्शकले पनि विस्तारै बुझ्दै हुनुहुन्छ, उहाँहरू सबै किसिमका भूमिका गर्नसक्ने लोकप्रिय एवं सर्वस्वीकार्य कलाकार हुनुहुन्छ,' निर्देशक भट्टराईले भने ।

गत वर्षमात्र महजोडीले विदेश र नेपालमा 'महजात्रा' गरेका थिए । आउँदो समयमा पनि सँगै काम गरी सहकार्यलाई निरन्तरता दिने पक्षमा उनीहरू छन् । छोटो समयमा नाता-सम्बन्ध टुट्ने अहिलेको जमानामा वरिष्ठ कलाकार श्रेष्ठ र आचार्यको दोस्ती र सहकार्यले ४५ वसन्त पार गर्नु एकअर्काप्रतिको इमान्दारिता र सम्मान नै हो । *रासस*

## रंगशाला

# राष्ट्रिय हक्की वैशाख १७ देखि हुने




■ **प्रभाव संवाददाता**

काठमाडौं- नेपाल हक्की संघको आयोजनामा राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिता वैशाख १७ गतेदेखि हुने भएको छ। यही वैशाख १७ देखि २६ गतेसम्म राष्ट्रिय पुरुष हक्की तथा वैशाख १८ देखि २६ गतेसम्म राष्ट्रिय महिला हक्की प्रतियोगिता हुने आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक संघकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिइन् ।

खेलहरू ललितपुरको च्यासल फुटबल मैदानमा हुने छ। पुरुषमा आठ तथा महिलामा चार समूहले प्रतिस्पर्धा गर्ने छन् । पुरुषमा मधेस, कर्णाली, गण्डकी, कोशी र बागमती प्रदेश, नेपाल पुलिस क्लब, नेपाल आर्मी र एपिएफ क्लब सहभागी हुने छन् । एपिएफ हक्कीमा नयाँ समूह रहेको आयोजकले जनाएको छ । पुरुषमा सहभागीलाई दुई समूहमा विभाजन गरिएको छ । प्रतियोगिता लिग कम नकआउट आधारमा हुने महासचिव श्रेष्ठले जानकारी दिइन् ।

महिलातर्फ गण्डकी, मधेस र बागमती प्रदेश तथा नेपाल आर्मीले राउण्ड रोविन लिगका आधारमा प्रतिस्पर्धा गर्ने छन् । राउण्ड रोविन लिगपछि शीर्ष दुई स्थानमा रहने समूहबीच उपाधिका लागि प्रतिस्पर्धा हुने छ । पुरुष तथा महिला दुवै प्रतियोगितामा शीर्ष तीन स्थान हात पार्ने समूहले क्रमशः ७५ हजार रूपैयाँ, ५० हजार रूपैयाँ र २५ हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् । विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही पाँच हजार रूपैयाँ पुरस्कार प्रदान गरिने महासचिव श्रेष्ठले जानकारी दिइन् । प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई दुई हजार रूपैयाँबाट पुरस्कृत गरिने छ । राष्ट्रिय पुरुष हक्की प्रतियोगिता सञ्चालन गर्न करिब ३५ लाख रूपैयाँ र महिलाका लागि २५ लाख रूपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।


**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
## शहरी विकास तथा भवन कार्यालय सिन्धुली
### प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना
**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/१४**

यस कार्यालयबाट e-Bid मार्फत आब्हान भएका बोलपत्रहरुमा रित पूर्वक परेका तपशिलमा उल्लेखित बोलपत्रहरूको प्राविधिक प्रस्तावहरु स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज नियम ५को उपनियम ४ प्रयोजनार्थ यस कार्यालयमा मिति २०८२/०१/२१ गते बिहान १० बजे आर्थिक प्रस्ताब खीलिने भएकोले सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | योजनाको नाम | सफल निर्माण व्यवसायीहरू |
|---|---|---|
| UDBOSIN-NCB-W-19-081-82 | Kalpabrikshya Sub Division Forest Office Sindhuli | Bir Bir Construction Kamalamai-6,Sindhuli |
| | | NIDHYANA-DHAKAL J/V Hetauda-11, Makawanpur |

**कार्यालय प्रमुख**



अफगानिस्तान प्रस्थान गर्नुअघि पाकिस्तानको चमनस्थित पाकिस्तान–अफगानिस्तान सीमा नजिकैको होल्डिङ सेन्टरमा आफ्ना सामानहरूले भरिएका ट्रकहरूको छेउमा प्रतीक्षारत अफगान शरणार्थीहरू । पाकिस्तानले महिनाको अन्त्यसम्ममा आठ लाखभन्दा बढी अफगानीहरूलाई निष्कासन गर्न कडा अभियान सुरु गरेको छ । *तस्बिरः एएफपी*

# जलवायु परिवर्तनले पाकिस्तानमा बढ्यो मलेरिया रोग

**इस्लामाबाद–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) र पाकिस्तानको राष्ट्रिय स्वास्थ्य सेवा मन्त्रालयले देशभर मलेरियाका मामिलाहरूमा तीव्र वृद्धिबारे चेतावनी दिएको डन समाचारले बताएको छ । उनीहरूले मलेरियाको यो वृद्धिलाई प्रत्यक्ष रूपमा जलवायु परिवर्तनको प्रभावसँग जोडेका छन् ।

वार्षिक २० लाखभन्दा बढी संक्रमित दर्ता भएपछि अधिकारीहरूले पाकिस्तान र व्यापक क्षेत्रका लागि बढ्दो खतरालाई नियन्त्रण गर्न तत्काल कडा कारबाही आवश्यक रहेको चेतावनी दिएका छन् । विश्व मलेरिया दिवसको अवसरमा जारी गरिएको यो चेतावनीमा डब्ल्युएचओ र पाकिस्तानी अधिकारीहरू दुवैले रोगसँग लड्न सामूहिक प्रयासको आह्वान गरेका छन् ।

'मलेरिया एक प्रमुख विश्वव्यापी खतरा हो र हामी प्रत्यक्ष रूपमा देखिरहेका छौं कि जलवायु परिवर्तनले हाम्रो देशमा जोखिम र मामिलाहरू दुवै बढाइरहेको छ,' संघीय स्वास्थ्यमन्त्री सैयद मुस्तफा कमलले भने । उनले मलेरियालाई अन्त्य गर्नु स्वास्थ्य प्राथमिकतामात्र नभई सबै देशका लागि सुरक्षित, स्वस्थ र अधिक समतामूलक भविष्यमा एउटा लगानी पनि भएको जोड दिए ।

'पुनः लगानी, पुनः कल्पना, पुनः प्रज्वलन' भन्ने अन्तर्राष्ट्रिय विषयवस्तुअन्तर्गत डब्ल्युएचओले सरकारहरू, संगठनहरू र समुदायहरूलाई मलेरिया उन्मूलन प्रयासहरूका लागि समर्थन बढाउन आग्रह गरेको छ । पाकिस्तानको मलेरियाविरुद्धको लडाइँ सन् २०२२ को विनासकारी बाढीबाट गम्भीररूपमा प्रभावित भएको थियो । उक्त बाढीले सन् २०२२-२४ अवधिमा थप ६६ लाख मामिला निम्त्याएको डनले बताएको छ ।

सन् २०२१ मा रिपोर्ट गरिएको तीन लाख ९९ हजार ९७ को तुलनामा मामिलाहरू सन् २०२३ मा २७ लाखमा पुगेको थियो । परिणामस्वरूप डब्ल्युएचओको पूर्वी भूमध्य क्षेत्रमा मलेरियाका मामिलाहरू सन् २०२३ मा अनुमानित एक करोड दुई लाखमा वृद्धि भएको थियो । यो सन् २०१५ देखि १३७ प्रतिशत वृद्धि हो ।

बढ्दो वृद्धिका बावजुद पाकिस्तानले विगत एक दशकमा मलेरियाको रोकथाम र उपचारमा उल्लेखनीय प्रगति गरेको छ । डब्ल्युएचओसँग काम गर्दै र एड्स, क्षयरोग र मलेरियाविरुद्ध लड्न ग्लोबल कोषको सहयोगमा पाकिस्तानले सन् २०२४ मा मात्र एक करोड १४ लाखभन्दा बढी संदिग्ध मामिला जाँच गरेको छ र २० लाख पुष्टि भएका मलेरियाका बिरामीहरूको उपचार गरेको छ ।

पाकिस्तानले २२ उच्च-भारित जिल्लामा ७८ लाख कीटनाशक-उपचारित जालीहरू पनि वितरण गरेको छ । यसले सन् २०२३ मा २७ लाखबाट गत वर्ष २० लाखमा मामिलाहरू घटनामा योगदान पुऱ्याएको थियो । 'मलेरियाको रोकथाम र उपचार गरेर जीवन बचाउन पाकिस्तानसँग साझेदारी गर्न पाउँदा डब्ल्युएचओ गर्व गर्दछ,' पाकिस्तानमा डब्ल्युएचओका प्रतिनिधि डापेङ लुओले भने ।

यद्यपि उनले जलवायु परिवर्तनले कडा परिश्रमबाट प्राप्त लाभलाई कमजोर बनाउँदै पाकिस्तानका लागिमात्र नभई सम्पूर्ण क्षेत्रका लागि खतरा निम्त्याइरहेको चेतावनी दिए । 'मलेरियालाई कसरी अन्त्य गर्ने भन्ने हामीलाई थाहा छ । यदि सबै सरोकारवालाहरूले लगानी गर्छन् र प्रतिक्रियालाई सुदृढ गर्न र जलवायु परिवर्तनले निम्त्याएको नयाँ जोखिमहरूसँग अनुकूलन गर्न एकसाथ काम गर्छन् भने हामी यो गर्न सक्छौं,' उनले भने ।

असी स्थानीय जिल्लामा पाँच हजार ५७५ चिकित्सा सुविधाबाट संकलन गरिएको तथ्यांकले बढ्दो तापक्रम र बारम्बार बाढीसँग सम्बन्धित मलेरियाका मामिलाहरूमा स्पष्ट वृद्धि भएको प्रवृत्ति देखाउँछ । अन्य योगदान कारकहरूमा गहिरिँदो गरिबी, गुणस्तरीय निदान र उपचारमा सीमित पहुँच, बलुचिस्तान, आदिवासी क्षेत्र र खैबर पख्तुनख्वामा सुरक्षा चुनौतीहरूका साथै सिन्धका केही भागमा स्वास्थ्य सेवामा पहुँचको कमी समावेश छन् ।

मलेरिया नियन्त्रण प्रयासहरू प्रभावकारी साबित भए पनि विशेषज्ञहरूले जलवायु परिवर्तनको प्रभावहरू पार गर्न, जीवन रक्षा गर्न र पाकिस्तानको स्वस्थ भविष्य सुरक्षित गर्न दिगो र समन्वित कार्य महत्त्वपूर्ण हुने कुरामा जोड दिएका छन् । *रासस/एएनआई*

# इरानको विशाल बन्दरगाहमा विष्फोट, १८ जनाको मृत्यु

**तेहरान–** इरानको सबैभन्दा ठूलो व्यापारिक बन्दरगाहमा भएको विशाल विष्फोटपछि कम्तीमा १८ जनाको मृत्यु र अन्य ८०० जना घाइते भएका छन् । उक्त घटनाको एक दिनपछि आइतबारसम्म पनि आगो लागिरहेको सरकारी सञ्चारमाध्यमले जनाएको थियो ।



विश्वको तेल उत्पादनको पाँचौं भाग हुने होर्मुज जलडमरुमध्ये नजिकै दक्षिणी इरानको शाहिद रजाई बन्दरगाहमा शनिबार विष्फोट भएको थियो । बन्दरगाहको भन्सार कार्यालयले राज्य टेलिभिजनद्वारा प्रसारित विज्ञप्तिमा विष्फोट सम्भवतः खतरनाक र रासायनिक सामग्री भण्डारण डिपोमा लागेको आगोबाट भएको बताएको छ ।

सुरक्षा मामिलामा छलफल गर्न नाम नछाप्ने सर्तमा न्युयोर्क टाइम्सले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्ससँग सम्बन्ध राख्ने एक व्यक्तिलाई उद्धृत गर्दै मिसाइलका लागि ठोस इन्धनको एक प्रमुख सामग्री सोडियम पर्क्लोरेटका कारण विष्फोट भएको बताएको छ । इरानी राज्य टेलिभिजनले आइतबार १८ जना मारिएको र ८०० जना घाइते भएको अद्यावधिक तथ्यांक दिएको छ । घटनास्थलबाट लाइभ फुटेजमा अझै पनि बाक्लो कालो धुवाँ देखिन्छ ।

चीनको सरकारी प्रसारक सिसिटिभीले बन्दर अब्बास वाणिज्य दूतावासलाई उद्धृत गर्दै तीन चिनियाँ नागरिक 'हल्का घाइते' भएको बताएको छ । फार्स न्युज एजेन्सीका अनुसार विष्फोट यति शक्तिशाली थियो कि यो लगभग ५० किलोमिटर (३० माइल) टाढाबाट महसुस र सुनिएको थियो ।

इरानका तस्बिरहरूले तेहरानबाट एक हजार किलोमिटर दक्षिणमा रहेको शाहिद रजाईमा भएको विष्फोटपछि भग्नावशेषले ढाकिएको फराकिलो मार्गमा हिँडिरहेका उद्धारकर्ताहरू र बाँचेका व्यक्तिहरू देखाइएको छ । ज्वालाले एउटा ट्रक ट्रेलरलाई घेरेको थियो र रगतले कुच्चिएको कारको छेउमा दाग लागेको थियो भने एउटा हेलिकप्टरले थुप्रिएका शिपिङ कन्टेनरहरूको पछाडिबाट बाक्लो कालो धुवाँका बादलहरूमा पानी खसालिरहेको थियो ।

स्थानीय आपत्कालीन सेवाहरूलाई उद्धृत गर्दै सरकारी टेलिभिजनले 'सयौंलाई नजिकका मेडिकल सेन्टरहरूमा स्थानान्तरण गरिएको' बताएको छ भने प्रान्तीय रक्त प्रतिस्थापन केन्द्रले दानका लागि आह्वान गरेको छ । इरानी राष्ट्रपति मसुद पेजेस्कियनले घातक विष्फोटका पीडितहरूप्रति सहानुभूति व्यक्त गर्दै 'स्थिति र कारणहरूको अनुसन्धान गर्न आदेश जारी गरेको' बताए ।

घटनास्थलमा पछि गृहमन्त्री इस्कन्दर मोमेनीले राज्य टिभीलाई भने, 'अन्य सहर र तेहरानबाट सबै स्रोतहरू पठाइएको छ ।' *रासस/एएफपी*

# दक्षिण कोरियाको विपक्षी दलद्वारा राष्ट्रपतिको उम्मेदवार घोषणा

**गोयाङ, दक्षिण कोरिया–** दक्षिण कोरियाको प्रमुख विपक्षी दलले आफ्ना पूर्वनेता ली जाए-म्युङलाई आगामी जुन महिनामा हुने राष्ट्रपतीय निर्वाचनका लागि आफ्नो उम्मेदवारका रूपमा घोषणा गरेको छ ।



पार्टीमा ८९.७ प्रतिशत मत प्राप्त गरी राष्ट्रपतिको उम्मेदवारका लागि चुनिएका लीले डेमोक्र्याटिक पार्टीको प्रतिनिधित्व गर्ने छन् । उनले युनको कञ्जरभेटिभ पार्टी पिपुल पावर पार्टी (पिपिपी) का उम्मेदवारविरुद्ध प्रतिस्पर्धा गर्ने छन् । गत डिसेम्बरमा संसद्मा सशस्त्र सैनिक तैनाथ गरिएको प्रजातान्त्रिक देशमा सैन्य शासन लाद्ने प्रयास गरेको भन्दै युनको अधिकार खोसेपछि जुन ३ मा मध्यावधि निर्वाचन गर्ने घोषणा गरिएको थियो ।

युनको सैनिक शासनको आदेशको विरोधमा सांसदहरूले आदेशको अवहेलना गर्दै संसद्मा प्रवेश गरी युनको असंवैधानिक कदमविरूद्ध मतदान गरेपछि लगभग छ घण्टापछि उनले आफ्नो कदम फिर्ता लिएको घोषणा गरेका थिए । यद्यपि, उक्त कदमलाई लिएर पूर्वराष्ट्रपति युनविरूद्ध संसद्बाट महाभियोगको प्रस्ताव पारित भएको थियो ।

राजधानी सोलको उत्तरपश्चिममा पर्ने गोयाङमा आयोजित पार्टीको अधिवेशनमा लीले भने, 'जनताले मलाई भारी विजय हासिल गरेर सत्ता पुनः प्राप्त गर्ने, विद्रोह र प्रतिगमनको पुरानो युगको अन्त्य गर्ने मिसन सुम्पेका छन् ।'

उनले भने, 'म साँच्चिकै आशा र जोशले भरिएको वास्तविक गणतन्त्र कोरियाको थप विकास गरेर तपाईंको विश्वासको ऋण तिर्ने छु ।'

सन् २०२२ को राष्ट्रपतीय चुनावमा नेता लीले हालै महाभियोगपछि पदच्युत भएका युनसँग देशको इतिहासकै सबैभन्दा कम मतान्तरले पराजित भएका थिए । पछिल्लो ग्यालप सर्वेक्षणले लीलाई ३८ प्रतिशतको समर्थन दिएको छ भने अन्य सबै प्रतिस्पर्धीको पक्षमा समर्थन निकै थोरै (एकल अंक) मा रहेको छ ।

पिपिपीले शनिबार आफ्नो उम्मेदवारको नाम सार्वजनिक गर्ने कार्यक्रम छ । पिपिपीका पूर्वप्रमुख हान दोङ-हुन र युन सरकारका पूर्वश्रममन्त्री किम मुन-सो उक्त पार्टीको तर्फबाट उम्मेदवारी दिने तयारीमा छन् । *रासस/एएफपी*

# उत्तर कोरियाली सेनाले युक्रेनविरुद्धको युद्धमा भाग लिएको रुसद्वारा पहिलोपटक पुष्टि

सियोल- मस्को र किएभबीचको द्वन्द्व सुरु भएयता पहिलोपटक रुसले युक्रेनविरुद्धको युद्धमा उत्तर कोरियाली सेनाले भाग लिएको स्वीकार गरेको रुस र दक्षिण कोरिया दुवैका सरकारी सञ्चार माध्यमहरूले जनाएका छन् ।

दक्षिण कोरियाली समाचार एजेन्सी योन्हापका अनुसार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भिडियो कन्फरेन्समा रुसका चिफ अफ जनरल स्टाफ भ्यालेरी गेरासिमोभले उत्तर कोरियाली सेनाले कुर्स्क सीमा क्षेत्रको मुक्तिका लागि महत्त्वपूर्ण भूमिका खेलेको बताएका छन् ।

'म कुर्स्क क्षेत्रको सीमावर्ती क्षेत्रको मुक्तिमा डेमोक्रेटिक पिपुल्स रिपब्लिक अफ कोरियाका सैनिकहरूको सहभागिताबारे प्रकाश पार्न चाहन्छु, उनीहरूले हाम्रा देशहरूबीचको व्यापक रणनीतिक साझेदारीसम्बन्धी सन्धिअनुसार युक्रेनी सशस्त्र बलको आक्रमणकारी समूहलाई पराजित गर्न महत्त्वपूर्ण सहयोग प्रदान गरे,' गेरासिमोभले क्रेमलिनको वेबसाइटमा पोस्ट गरिएको भिडियो कन्फरेन्सको प्रतिलिपिमा भने ।

पुटिनले आफ्नो देशले सीमा क्षेत्र कुर्स्कको नियन्त्रण पुनः प्राप्त गरेको दाबी गरेका छन् । कुर्स्कमा युक्रेनले गत वर्ष आश्चर्यजनक आक्रमण गरेको थियो । पुटिनका अनुसार कुर्स्क सीमा क्षेत्रमा सत्रुको पूर्ण पराजयले मोर्चाका अन्य महत्त्वपूर्ण क्षेत्रहरूमा रूसी सेनाको थप सफल कार्यका लागि अवस्था सिर्जना गर्दछ र 'नव-नाजी शासनको पराजयलाई नजिक ल्याउँछ' ।

सरकारी सञ्चारमाध्यम तासका अनुसार रूसी राष्ट्रपतिले कुर्स्क क्षेत्रको मुक्तिमा भाग लिने सैन्य एकाइहरूका सैनिकहरूलाई बधाइ र धन्यवाद दिए । रुसको उत्तर कोरियाली सेनाको स्वीकारोक्ति अमेरिका, दक्षिण कोरिया, बेलायत र युक्रेनले उत्तर कोरियाली सेना युद्धको मोर्चामा देखिएको लगभग एक वर्षपछि आएको हो ।

तर युक्रेनको सशस्त्र बलका जनरल स्टाफले एउटा टेलिग्राम पोस्टमा कुर्स्कमा सत्रुता अन्त्य भएको पुटिनको दाबी 'सत्य नभएको' बताए । 'कुर्स्क क्षेत्रका तोकिएको क्षेत्रमा युक्रेनी रक्षा बलको रक्षात्मक अभियान जारी छ । परिचालन अवस्था गाह्रो छ, तर हाम्रा एकाइहरूले आफ्नो स्थिति कायम राख्दै आफ्नो तोकिएको कार्यहरू सम्पादन गरिरहेका छन्,' टेलिग्राम पोस्टले सिएनएनको एक रिपोर्टअनुसार भनेको छ ।

अमेरिकी समाचार आउटलेटको रिपोर्टमा 'युक्रेनले अगस्टमा कुर्स्कमा आफ्नो आकस्मिक आक्रमण सुरु गऱ्यो, जुन दोस्रो विश्वयुद्धपछि विदेशी शक्तिले रुसमा गरेको पहिलो स्थल आक्रमण थियो' भनेको छ ।

यसैबीच शनिबार बिहान भ्याटिकनमा स्वर्गीय पोप फ्रान्सिसको अन्त्येष्टिमा युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्की र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच छोटो बैठक भएको थियो । ह्वाइट हाउसका प्रवक्ताले बैठक 'फलदायी' भएको बताए । जेलेन्स्कीले बैठकका लागि ट्रम्पलाई धन्यवाद दिँदै एक्समा लेखेका छन्, 'यदि हामीले संयुक्त परिणामहरू प्राप्त गऱ्यौं भने यो ऐतिहासिक बन्ने सम्भावना छ ।'

पछि शनिबार ट्रम्पले गत हप्ता किएभमा घातक आक्रमणको लहर सुरु गरेकामा रुसमाथि नयाँ प्रतिबन्धहरू लागू गर्ने सम्भावना उठाएका थिए । 'विगत केही दिनदेखि पुटिनले नागरिक क्षेत्र र सहरहरूमा क्षेप्यास्त्र प्रहार गर्नुपर्ने कुनै कारण थिएन,' ट्रम्पले ट्रुथ सोसलमा एक पोस्टमा लेखेका छन् । *रासस/एएनआई*

# भारत र पाकिस्तानी सेनाबीच कश्मीरमा गोली हानाहान

**श्रीनगर (भारत)–** आणविक-शक्ति सम्पन्न प्रतिद्वन्द्वीहरूबीचको सम्बन्ध वर्षौंदेखिको सबैभन्दा निम्न स्तरमा झरेको बेला पाकिस्तान र भारतका सेनाहरूले विवादित कश्मीरमा लगातार तेस्रो रातसम्म गोली हानाहान गरेको अधिकारीहरूले आइतबार बताएका छन् ।

भारतले पाकिस्तानमाथि विवादित मुस्लिम बहुल कश्मीरमा एक चौथाइ शताब्दीदेखि नागरिकहरूमाथि भएको सबैभन्दा खराब आक्रमण गर्ने बन्दुकधारीहरूलाई 'सीमापार आतंकवाद' समर्थन गरेको आरोप लगाएको छ ।

इस्लामाबादले कुनै पनि संलग्नतालाई अस्वीकार गरेको छ र पाकिस्तानलाई आक्रमणसँग जोड्ने प्रयासहरूलाई 'तुच्छ' भन्दै कुनै पनि भारतीय कारबाहीको जवाफ दिने प्रतीज्ञा गरेको छ ।

भारतीय सुरक्षा बलहरूले अप्रिल २२ मा पहलगाममा पर्यटकीय स्थलमा २६ पुरुषको हत्या गर्नेहरूको ठूलो खोजी अभियान सुरु गरेका छन् र प्रहरीले फरार बन्दुकधारीहरूमध्ये दुई पाकिस्तानी नागरिकको नाम दिएको छ ।

भारतीय सेनाले आइतबार दुई देशलाई विभाजन गर्ने नियन्त्रण रेखा (एलओसी) मा 'पाकिस्तानद्वारा सुरू गरिएको' साना हतियारहरूको 'अनावश्यक' गोली हानाहान भएको जनाएको छ । 'हाम्रा सैनिकहरूले उपयुक्त साना हतियारहरूको गोलीबारीसहित प्रभावकारी ढंगले जवाफ दिए,' भारतीय सेनाले भनेको छ ।

पाकिस्तानले अहिलेसम्म पछिल्लो गोलीबारीको पुष्टि गरेको छैन । आक्रमणपछि नयाँदिल्लीले पानी बाँडफाँट सन्धि स्थगित गरेको छ, पाकिस्तानसँगको मुख्य भूमि सीमा क्रसिङ बन्द गर्ने घोषणा गरेको छ, कूटनीतिक सम्बन्ध कम गरेको छ र पाकिस्तानीहरूका लागि भिसा फिर्ता लिएको छ ।

जवाफमा इस्लामाबादले भारतीय कूटनीतिज्ञ र सैन्य सल्लाहकारहरूलाई निष्कासन गर्न आदेश दिएको छ, सिख तीर्थयात्रीहरूबाहेक भारतीय नागरिकहरूका लागि भिसा रद्द गरेको छ र आफ्नो तर्फबाट मुख्य सीमा क्रसिङ बन्द गरेको छ ।

संयुक्त राष्ट्रसंघले कट्टर प्रतिद्वन्द्वी भारत र पाकिस्तानलाई 'अधिकतम् संयम' देखाउन आग्रह गरेको छ ताकि मुद्दाहरू 'अर्थपूर्ण आपसी संलग्नताको माध्यमबाट शान्तिपूर्ण रूपमा समाधान गर्न सकियोस् ' । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं.** ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.**०१२२९६६५८र९८४२६३५८१५ । **लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं.** ४३६४७१। **ध्रुवको पसल– डिल्लीबजार, फोन नं.** ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८९७०० | प्रति तोला – ० | प्रति तोला – १९९० |




**मुक्तिनाथमा पर्यटक** | हिन्दू तथा बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र मुस्ताङको मुक्तिनाथ मन्दिरबाट फर्किंदै गरेका विदेशी पर्यटक। पछिल्लो समय मुक्तिनाथ मन्दिर र आसपासको क्षेत्र अवलोकन गर्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दो छ। *तस्बिरः सुशीलबाबु थकाली/रासस*

## आगामी बजेट उत्पादन र रोजगारी वृद्धिमा केन्द्रित गर्न सुझाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सांसद्हरूले आगामी आर्थिक वर्षको बजेटलाई वितरणमुखी नबनाई आवश्यकतामा आधारित बनाउन सुझाव दिएका छन् । आइतबार प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्ने सांसद्हरूले यस्तो सुझाव दिएका हुन्। बजेटलाई वितरणमुखी र परम्परागत बनाउन नहुनेमा उनीहरूले जोड दिए ।

नेपाली कांग्रेस सांसद राजेन्द्रकुमार केसीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट परम्परागत र वितरणमुखी नभई आवश्यकताका आधारमा जनता केन्द्रित हुनुपर्नेमा जोड दिएका छन् । उनले देश र जनतालाई केन्द्रित गरेर नीति कार्यक्रम र बजेट तर्जुमा नहुँदा आर्थिक समृद्धिले गति लिन नसकेको बताए । उनले भने, 'यसअघिका सबै बजेट परम्परागत भएकाले विकासले गति लिन सकेन, कुनै पनि बजेटले उत्पादन र रोजगारी वृद्धिका साथै निर्यात बढाउन सकेको छैन ।'



सांसद केसीले स्रोतसाधनलाई अध्ययन गरेर आत्मनिर्भरमुखी र कृषिमा आधारित बजेट ल्याउन सरकारलाई सुझाव दिए । 'बजेट ल्याउनुभन्दा तीन महिनाअघिदेखि बजेटका बारेमा छलफल गर्नुपर्ने भनिए पनि त्यसो हुन सकेको छैन, यही अधिवेशनमा करिब ३२ वटा विधेयक पारित गर्नुपर्ने छ, तर पनि मेरो अनुरोध छ, यो अधिवेशनले सबैभन्दा बढी ध्यान बजेटमाथिको छलफललाई प्राथमिकता दिनुपर्छ,' उनले भने ।

नेकपा एमालेका सांसद पदम गिरीले वर्तमान सरकार मुलुकको आर्थिक समृद्धिमा केन्द्रित भइरहेको बताउँदै मुलुक र जनताको आवश्यकताका आधारमा बनेको सरकारले जनभावना सम्बोधन गर्ने धारणा राखे । 'वर्तमान सरकार जनता केन्द्रित विकास, निर्माणमा लाग्ने प्रतिबद्धताअनुसार गठन भएको हो । सरकारमा सहभागी दलहरू सो सहमतिप्रति प्रतिबद्ध छन्, मुलुकमा सुशासन र विकास कायम गर्न र विकासलाई अगाडि बढाएर लैजान सरकार प्रतिबद्ध छ,' उनले भने ।

## हिमालयन बैंकको बत्तीसपुतली शाखा स्थानान्तरण

**काठमाडौं (प्रस)–** हिमालयन बैंक लिमिटेडको बत्तीसपुतली शाखा सारिएको छ । बैंकका अनुसार उक्त शाखा साविक भवन/स्थानबाट बत्तीसपुतली वडा नं ९ स्थित राममन्दिर जाने बाटोसँगै रहेको नेपाल राष्ट्रिय मारवाडी परिषद्को नयाँ भवनमा सारिएको हो ।

बत्तीसपुतली शाखाकै नामबाट नयाँ स्थानमा आइतबारदेखि बैंकिङ सेवा सुरु गरिएको बैंकले जनाएको छ। उक्त शाखाबाट सम्पूर्ण बैंकिंक सेवा प्रदान गर्ने गरिने बैंकको भनाइ छ । उक्त शाखाको शुभारम्भ बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले गरेका थिए। कार्यक्रममा उच्चपदस्थ कर्मचारीहरू तथा अतिथिहरूको उपस्थितिमा रहेको थियो ।



हाल बैंकका देशभरि १७४ शाखा कार्यालय सञ्चालनमा छन् । यस्तै, २० विस्तारित काउन्टर, २८४ एटिएम, आठ हजारभन्दा बढी पस टर्मिनल र १५ हजारभन्दा बढी विप्रेषण भुक्तानी केन्द्रहरूबाट आफ्ना ग्राहकलाई विभिन्न बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## सेयरबजारमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा सामान्य सुधार आएको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको हो ।

आइतबार नेप्से परिसूचक ३.५८ अंकले बढेर दुई हजार ६६१.६० को बिन्दुमा कायम भएको छ। यस दिन ३१४ कम्पनीको दुई करोड ८४ लाख ३८ हजार ४२८ कित्ता सेयर ८९ हजार १६१ पटक खरिदबिक्री हुँदा १० अर्ब ८७ करोड ५९ लाख ९१ हजार रूपैयाँबराबरको कारोबार भएको छ ।

आइतबारको कारोबारमा होटल तथा पर्यटन समूह ०.३८, जलविद्युत् १.०६, लगानी १.७७, उत्पादन तथा प्रशोधन ०.४१, म्युचुअल फण्ड ०.२४ र व्यापार समूहको उपसूचक १.१८ प्रतिशतले बढेको छ। अरु सबै समूहका उपसूचक घटेका छन् । बैंकिङ ०.३९, विकास बैंक ०.०२, वित्त १.०५, जीवन बिमा ०.११, लघुवित्त ०.९४, निर्जीवन बिमा ०.३३ र अन्य समूहको उपसूचक ०.५७ प्रतिशतले घटेको छ ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य ८६ करोड १७ लाख ३८ हजार रूपैयाँबराबर खरिदबिक्री भएको छ ।

कामु गभर्नर ढुंगाना भन्छिन्–

## आन्तरिकरूपमा अर्थतन्त्र अझै सकंटमै




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर डा. नीलम ढुंगाना तिम्सिनाले मुलुकको अर्थतन्त्रको बाहच क्षेत्र सुधारोन्मुख देखिए पनि आन्तरिकरूपमा अझै संकटग्रस्त रहेको बताएकी छन् ।

आइतबार यहाँ आयोजित राष्ट्र बैंकको ७०औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै कामु गभर्नर ढुंगानाले मुलुकको अर्थतन्त्र बिस्तारै लयमा आउन थालेको उल्लेख गरिन् । बाहच सूचकहरू सबल बन्दै गए पनि आन्तरिक अर्थतन्त्रमा संरचनागत एवं व्यवस्थापनजन्य विषयहरूको सम्बोधन अत्यावश्यक भइसकेको उनको भनाइ छ । 'उच्च तरलता एवं न्यून ब्याजदरका बाबजुद निजी क्षेत्रतर्फ प्रवाहित कर्जा एवं आन्तरिक मागमा अपेक्षित सुधार हुन नसक्नु, पुँजीगत खर्च अपेक्षितरूपमा बढ्न नसक्नु र सञ्चालनमा रहेका परियोजनाहरू समयमै सम्पन्न हुन नसक्नुजस्ता चुनौतीहरू अर्थतन्त्रमा कायमै छन्,' उनले भनिन् ।

यद्यपि केही सूचकहरू क्रमशः सुधार हुँदै गएको उनले उल्लेख गरिन्। मुद्रास्फीति लक्षित सीमाभित्रै रहेको, आयात तथा निर्यात व्यापारमा सुधार भएको एवं बैंकिङ क्षेत्रबाट प्रवाहित कर्जा बिस्तारलेसमेत गति लिन थालेको ढुंगानाको भनाइ छ । 'पछिल्लो समय भएको कानुनी सुधारले लगानीको वातावरण सहज बनाएको छ । यसले समग्र आर्थिक गतिविधिलाई थप चलायमान बनाउने अपेक्षा छ,' उनले भनिन् ।

नेपालको बाहच क्षेत्र सबल हुँदै गएको पनि ढुंगानाले उल्लेख गरिन् । दुई वर्षदेखि घट्दै गएको वस्तु निर्यात र आयात चालु आर्थिक वर्षको कात्तिकदेखि बढ्न थालेको छ, विप्रेषण आप्रवाह र पर्यटन आयमा वृद्धि भएका कारण देशको शोधनान्तर बचतमा रहन गई विदेशी विनिमय सञ्चिति बढेको, वित्तीय पहुँच र डिजिटल अर्थतन्त्रको बिस्तारमा उल्लेख्य प्रगति भएको जस्ता सुधार अर्थतन्त्रमा देखिएको कामु गभर्नर ढुंगानाले बताइन् ।

पछिल्लो समय विश्व अर्थतन्त्रमा विभिन्न नयाँ आयामहरू देखापरेका छन् । एकातिर जारी रुस-युक्रेन युद्ध अन्त्य हुने ठोस आधार हालसम्म नदेखिँदा आपूर्ति व्यवधान हट्ने सम्भावना अनिश्चित हुँदै गएको छ भने मध्यपूर्वमा जारी द्वन्द्वको अन्त्य अनिश्चित रहेको उनले उल्लेख गरिन् । यस्ता बाहच कारणले गर्दा मुद्रास्फीति, वैदेशिक सहायता एवं बाहच क्षेत्र व्यवस्थापनमा चुनौती थपिने देखिएको ढुंगानाले बताइन् । पछिल्लो समय खासगरी अमेरिकाको अन्तर्राष्ट्रिय व्यापार र आर्थिक सहयोग नीति तथा भूराजनीतिक तनावजस्ता बाहच कारणले अर्थतन्त्रमा थप दबाब पर्न सक्ने जोखिम कायमै रहेकोतर्फ उनले सचेत गराइन् ।

वित्तीय र मौद्रिक सूचकहरू सुधार्नका लागि राष्ट्र बैंकले हदैसम्मको प्रयास गरिरहेको उनको दाबी छ । 'अधिक तरलता र न्यून ब्याजदरका साथै बाहच क्षेत्र परिसूचकहरू सबल रहेको सन्दर्भमा मौद्रिक क्षेत्रबाट अर्थतन्त्रलाई चलायमान बनाउन हदैसम्मको प्रयास गरिएको छ,' उनले भनिन्, 'सार्वजनिक वित्त, वैदेशिक व्यापार र आर्थिक वृद्धिको पछिल्लो तथ्यांकले आर्थिक गतिविधिमा सुधार हुँदै गएको आकलन गर्न सकिन्छ ।'

विगतमा आर्थिक गतिविधिमा आएको शिथिलताका कारण बैंक तथा वित्तीय संस्थाको कर्जा असुली प्रभावित हुन गई निष्क्रिय कर्जा अनुपात बढेकोमा आर्थिक गतिविधिमा सुधार भएसँगै निष्क्रिय कर्जा अनुपातमासमेत सुधार हुने अपेक्षा गरिएको कामु गभर्नर ढुंगानाले बताइन्। राष्ट्र बैंकले गरेको नीतिगत सहजीकरण, पूर्वाधार विकास र सुरक्षित, सजिलो एवं सस्तो भुक्तानी प्रणालीका उपकरणले गर्दा डिजिटल भुक्तानीको प्रयोग उच्च दरमा बढेको उनको दाबी छ ।

त्यस अवसरमा पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले मुलुकको वित्तीय नीति लोकरिझ्याँइ र कुनै व्यक्ति तथा समूहको फाइदाका लागि केन्द्रित हुँदा समस्या देखिएको बताए। शिथिल अवस्थामा रहेको अर्थतन्त्र सुधारका लागि राज्यका सबै निकाय र पक्ष जिम्मेवार भएर लाग्नुपर्नेमा उनले जोड दिए । नेपालको सार्वजनिक ऋणको दायित्वको भुक्तानीका लागि ठूलो रकम खर्च हुन थालेको तर पुँजीगत खर्च बढ्न नसकेको, सहकारी क्षेत्र धरासायी हुँदा त्यसको असर उपभोक्ता बजारमासमेत देखिएको, स्वेदशमा रोजगारी बढ्न नसक्दा उत्पादन बढ्न नसकेकोजस्ता गम्भीर समस्या अर्थतन्त्रमा रहेको उनको भनाइ छ । आफ्नो स्थापनाको ७०औं वर्षका अवसरमा राष्ट्र बैंकले पूर्वगभर्नर क्षेत्रीलाई सम्मान गरेको छ ।

वार्षिकोत्सव कार्यक्रममा राष्ट्र बैंकका विभिन्न कर्मचारी संघ संगठनहरूले गभर्नर नियुक्ति प्रक्रियामा भइरहेको ढिलाइबारे चासो व्यक्त गरेका थिए । वार्षिकोत्सवको अवसरमा २० वर्ष सेवा पूरा गरेका कर्मचारीलाई पनि सम्मान गरिएको थियो ।

## बैंकिङ कसूरसम्बन्धी संशोधन स्वीकृत

**काठमाडौं (प्रस)–** बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि राष्ट्रिय सभाबाट भएको संशोधन प्रतिनिधिसभाले स्वीकृत गरेको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राखेको 'बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको हो ।

राष्ट्रिय सभाबाट भएको संशोधनमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले राष्ट्रिय सभाबाट प्राप्त भएका सुझावलाई समेटेर जाँदा विधेयक थप स्पष्ट र प्रभावकारी हुने सरकारको बुझाइ रहेको बताए । 'राष्ट्रिय सभाको सुझावप्रति मेरो सम्मान छ, त्यसलाई ग्रहण गर्नुपर्छ भन्ने दृष्टिकोण सभासमक्ष राख्दछु,' उनले भने ।

त्यसअघि सांसद प्रेम सुवालले मुलुकको सन्तुलित विकास र जिल्लाभित्रै मात्र बसाइँसराइ हुने व्यवस्था गरिए बैंकिङ कसूर स्वतः नियन्त्रण हुँदै जाने बताए । सांसद सराज अहमद फारुकीले विधेयकमाथि राष्ट्रिय सभाबाट प्राप्त सुझावलाई समेटेर जानुपर्नेमा जोड दिए ।

### हवाई सेवा प्राधिकरण विधेयक पेस

यसैबीच, प्रतिनिधिसभाको आइतबारको बैठकमा 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१' पेस गरिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। बैठकले उक्त सर्वसम्मतिले स्वीकृत गरेको हो ।

बैठकमा सांसदले दिएका सुझावका सम्बन्धमा मन्त्री पाण्डेले त्यस्ता सुझाव संशोधनको प्रक्रियाका क्रममा समेटेर विधेयकलाई समृद्ध बनाइने बताए । साथै उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकताका आधारमा विधेयक ल्याउनुपरेको बारेमा अवगत गराएका थिए ।

बैठकमा यसअघि अर्थ समितिका सभापति सन्तोष चालिसेले 'भन्सार विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१' पेस गरेका थिए । त्यस्तै कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति बिमला सुवेदीले 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१' पेस गरेका थिए ।

## लगानी बोर्डको संगठन संरचना खाका स्वीकृत

**काठमाडौं (प्रस)–** लगानी बोर्डको विभिन्न निर्देशनालयसहितको संगठन संरचनाको खाका स्वीकृत भएको छ । आइतबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बोर्डको ६१औं बैठकले उक्त खाका स्वीकृत गरेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकले बोर्डको रणनीति तथा व्यावसायिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने संगठन संरचनाको खाकालाई स्वीकृत गरेको बोर्डले जानकारी दिएको छ ।



पाँच वर्षे उक्त रणनीतिले ४२ परियोजनाको सम्झौता गर्दै अधिकतम १४ परियोजना निर्माण, ११ परियोजना सञ्चालन तथा ९२ निजी लगानीका परियोजनाहरू लगानी स्वीकृत गर्नेलगायतका लक्ष्य लिएको बोर्डका सहसचिव एवं प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले. जानकारी दिए ।

बैठकमा बोर्डका अध्यक्ष ओलीका साथै उपाध्यक्ष उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, मुख्यसचिव एकनारायण अर्याललगायत सहभागी थिए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ